# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८८ | काठमाडौं | सोमबार, ०४ साउन २०८३ | Prabhab National Daily | Monday, 20 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# वर्षाको कहर : दुईको मृत्यु, राजमार्ग बन्द र देशभर उच्च सतर्कता



■ जेबी योञ्जन

- खोटाङमा बाढीले बगाउँदा शान्ता राई र पर्शुराम परियारको मृत्यु
- नारायणगढ-मुग्लिन सडकमा रातिको समयमा सवारी आवागमन ठप्प
- आज पनि कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा भारीदेखि अति भारी वर्षाको सम्भावना

**काठमाडौं–** देशभर निरन्तर वर्षा जारी रहेपछि बाढी, पहिरो, डुबान र सडक अवरोध एकैसाथ बढेको छ । बाढीले दुई जनाको ज्यान पनि लिएको छ ।

खोटाङकी प्रमुख जिल्ला अधिकारी रेखा कँडेलका अनुसार आइतबार दुई जनाको शव फेला परेको हो । निरन्तरको भारी वर्षापछि आएको बाढीले बगाउँदा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाकी ४३ वर्षीया शान्ता राई र केपिलासगढी गाउँपालिका-४ बाक्सिलाका ७१ वर्षीय पर्शुराम परियारको शव फेला परेको कँडेलले बताइन् ।

शान्तालाई आफन्तको घरबाट फर्किने क्रममा छाँगे खोलाले र परियारलाई गाइखुरे खोल्सीमा आएको बाढीले शनिबार साँझ बगाएका थिए । दुवैको शव शनिबार फेला परेको हो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार आज पनि कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा भारीदेखि अति भारी वर्षाको सम्भावना छ । विभागको यस्तो चेतावनीपछि जिल्ला प्रशासन कार्यालयहरूले जोखिमयुक्त क्षेत्रमा उच्च सतर्कता अपनाएको छ ।

रातिको समयमा प्रमुख राजमार्गमा सवारी आवागमन बन्द गरिएको छ । नदी किनार र डुबान हुने क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा बस्न आग्रह गरिएको छ । सम्भावित पहिरो र सडक दुर्घटनाको जोखिमलाई ध्यानमा राख्दै चितवन र धादिङ प्रशासनले नारायणगढ-मुग्लिन-काठमाडौं सडकखण्डमा आइतबार राति १० बजेदेखि सोमबार बिहान ५ बजेसम्म सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगायो ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालद्वारा जारी सूचनामा चितवन, धादिङ र आसपासका क्षेत्रमा निरन्तर वर्षाका कारण पहिरो खस्ने सम्भावना अत्यधिक रहेकाले रातिको समयमा यात्रा नगर्न आग्रह गरिएको उल्लेख छ । अत्यावश्यक सेवामा प्रयोग हुने एम्बुलेन्स, दमकल, सुरक्षा निकाय तथा उद्धारका सवारी साधन भने सञ्चालन गर्न दिइने जनाइएको छ ।

धादिङ प्रशासनले पनि जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको जोखिम मूल्याङ्कनलाई आधार मानेर जिल्लाभित्र तथा जिल्ला भएर आवतजावत गर्ने अत्यावश्यक बाहेकका सबै सवारी साधन सञ्चालनमा रोक लगाएको जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# गगनसँग देउवा समूहले एकताका लागि राख्यो अन्तिम प्रस्ताव

- देउवा समूहले साउन ६ गते छुट्टै बिपी स्मृति दिवस मनाउँदै छ । सोही दिन राष्ट्रिय भेलाको मिति घोषणा गर्ने इतरपक्षको तयारी
- क्रियाशील सदस्यता भएकोले यसका लागि पार्टी भित्र विवाद हुनु पहिले नै वर्तमान सभापति गगनकुमार थापा महामन्त्री छँदा टुंग्याएका सबै क्रियाशील सदस्यलाई पन्ध्रौं महाधिवेशनमा स्वतः सहभागी हुन पाउने व्यवस्था गर्न माग
- चौधौं महाधिवेशनको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई विशेष महाधिवेशनको कार्यसमितिसँगै मिलाएर गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई पूर्णता दिन माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ पार्टी खोल्ने तयारी गरेको कांग्रेस संस्थापनइतरले सभापति गगन थापासँग एकताको लागि अन्तिम प्रस्ताव अघि सारेका छन् । विशेष महाधिवेशन बहिस्कार गरेको शेरबहादुर देउवा समूहले सभापति थापासँग एकताका लागि पाँच बुँदे प्रस्ताव अघि सारेको हो ।

देउवा पक्षले काठमाडौंको चुनदेवीमा रहेको सम्पर्क कार्यालयमा आइतबार पत्रकार सम्मेलन गर्दै ती प्रस्तावहरू अघि सारेको हो । 'पार्टीभित्र विवाद हुँदा पनि एकताकै लागि पहल गरिरहेका छौं । औपचारिक छलफल नभएको अवस्थामा पनि संस्थापन पक्षले टालटुले कुरा गर्दै आएको छ,' निवर्तमान प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने । विश्वकर्माकाअनुसार पार्टी उपसभापति विश्वप्रकाश शर्मामार्फत प्राप्त प्रस्तावहरूमाथि छलफल गरी देउवा पक्षले जेठ १८ गते नै उक्त प्रस्ताव पठाएको हो ।

पार्टी एकताको सम्भावना कमजोर भएको जानकारी गराउँदै साउनभित्रै राष्ट्रिय भेला गर्ने निर्णयसमेत गरेको छ । कार्यक्रम व्यवस्थापनका लागि पूर्व उपसभापति प्रकाशमान सिंहको संयोजकत्वमा आयोजक समिति गठन गरेको विश्वकर्माले बताए । देउवा समूहले साउन ६ गते छुट्टै बिपी स्मृति दिवस मनाउँदै छ । सोही दिन राष्ट्रिय भेलाको मिति घोषणा गर्ने इतरपक्षको तयारी छ ।

पत्रकार सम्मेलनमा कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, डा. शशांक कोइराला, विमलेन्द्र निधि, डा. प्रकाशशरण महतलगायत शीर्ष नेताहरू सहभागी थिए । पार्टी एकता जोगाउनको लागि भएको पटक पटकको वार्ता नेतृत्वबाट आवश्यक लचकता नहुँदा सहमति जुट्न नसकेको विश्वकर्माको दाबी थियो । भदौ २३ र २४ को जेन-जी विद्रोहपछि विकसित घटनाक्रमसँगै निर्वाचन आयोगको कारण पनि कांग्रेस फुटको संघारमा पुगेको विश्वकर्माले आरोप लगाए ।

## के छ पाँच बुँदे प्रस्तावमा ?

देउवा पक्षले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिमा १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिका पदाधिकारी र सबै केन्द्रीय सदस्यलाई अटाउन माग गरेको छ । 'चौधौं महाधिवेशनको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई विशेष महाधिवेशनको कार्यसमितिसँगै मिलाएर गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई पूर्णता दिने,' पहिलो प्रस्तावमा भनिएको छ ।

गत पुसमा भृकुटीमण्डपमा भएको विशेष महाधिवेशन देउवा पक्षले बहिस्कार गरेको थियो । विशेष महाधिवेशन गर्ने भएपछि देउवा पक्षले गगन र विश्वप्रकाश शर्मालाई पाँच वर्षको लागि पार्टीबाट निष्काशनसमेत गरेको थियो । १४ औं महाधिवेशनबाट गगन र शर्मा महामन्त्रीमा निर्वाचित भएका थिए । अहिले गगन सभापति र शर्मा उपसभापति छन् । उक्त कार्यसमितिमा रहेका देउवा र डा शेखर कोइराला समूहका धेरैजसो नेताहरूले विशेष महाधिवेशन बहिस्कार गरेका थिए ।

झन्डै ९० प्रतिशत देउवाको पकडमा रहेको केन्द्रीय समितिको पदाधिकारी अहिले बाहिरै छन् । त्यसैगरी देउवा पक्षले विशेष महाधिवेशनबाट चयन भएका सभापति थापाको बहुमत रहने गरी कार्यसम्पादन समिति बनाउने दोस्रो प्रस्ताव गरेको छ । विशेष महाधिवेशनबाट निर्वाचत गगन नेतृत्वको कार्यसमितिले अझै कार्यसम्पादन समिति गठन गरेको छैन ।

यसैगरी देउवा पक्षले पुनर्गठित केन्द्रीय कार्यसमितिको पहिलो बैठकबाटै पन्ध्रौं महाधिवेशनको कार्यतालिका घोषणा गर्नुपर्ने माग गरेको छ । जबकि गगन नेतृत्वको कार्यसमितिले असोज १६ बाट १५ औं महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

यसका लागि क्रियाशील सदस्यता अद्यावधिकसमेत अन्तिम चरणमा पुर्‍याइसकेको छ । पूर्वउपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा बैठक राख्दै आएको देउवा समूहले भने क्रियाशील सदस्यता अद्यावधिकको विरोध गर्दै आएको छ । देउवा समूहले एकताका लागि यो विषयसमेत प्रस्तावमा अटाएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# गत आवमा युएई बन्यो नेपालीहरूको प्रमुख रोजगार गन्तव्य

- आव २०८२/८३ मा युएईमा रोजगारीका लागि जान श्रम स्वीकृति लिनेको संख्या एक लाख ८३ हजार ५८० जना
- आव २०८१/८२ को तुलनामा गत आवमा युएई जाने संख्या ९१ हजार १० जनाले घट्यो
- युएईपछि मलेसियामा एक लाख ३२ हजार ६४६ जना र कतारमा एक लाख ३२ हजार ५१ जना गएको तथ्यांक



■ प्रभाव संवाददाता

**काठमाडौं–** गत आर्थिक वर्ष २०८२/८३ मा संयुक्त अरब इमिरेट्स (युएई) नेपालीहरूको पहिलो रोजाइको श्रम गन्तव्य बनेको छ । भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका कारण युएईको रोजगारी प्रभावित हुँदा पनि सोही मुलुकमा सबैभन्दा धेरै श्रमिक गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

आव २०८२/८३ मा कूल एक लाख ८३ हजार ५८० जना श्रम स्वीकृति लिएर युएई गएका हुन् । जसमा एक लाख ५४ हजार ८९२ जना पुरुष र २८ हजार ६८८ जना महिला छन् । यद्यपि, उक्त मुलुक जानेहरूको संख्या अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा भने घटेको छ । सो आवमा दुई लाख ७४ हजार ५९० जना श्रम स्वीकृति लिएर युएई गएका थिए । आव २०८१/८२ को तुलनामा गत आव २०८२/८३ मा ९१ हजार १० जना कम श्रमिक युएई गएका छन् ।

जेन-जी आन्दोलनपछि युएईले नेपालीहरूको भिसा रोकिदिएको थियो । झण्डै तीन महिना रोकिएको युएई रोजगारी पुनः खुले पनि दूतावासबाट पुलिस रिपोर्ट प्रमाणीकरण अनिवार्य गरेपछि रोजगारीमा जानेहरू घटेको व्यवसायीले बताउँदै आएका थिए । त्यसपछि फागुन १६ गतेदेखि मध्यपूर्वमा द्वन्द्व निम्तिँदा खाडीको श्रम स्वीकृति डेढ महिनाभन्दा बढी बन्द भयो । जसको प्रभाव श्रमिक भर्ना प्रक्रियामा प्रत्यक्ष भएको पाइन्छ ।

युएईपछि दोस्रो प्रमुख गन्तव्य मलेसिया बनेको छ । गत आवमा खाडीको रोजगारी प्रभावित हुँदा मलेसियाले भरथेग गरेको देखिन्छ । गत आव २०८२/८३ मा एक लाख ३२ हजार ६४६ जना मलेसिया गएको तथ्यांक छ । जसमा एक लाख २८ हजार ७५३ जना पुरुष र तीन हजार ८९३ जना महिला छन् । जबकि, आव २०८१/८२ मा ४९ हजार १८७ जनामात्र मलेसिया गएका थिए ।

आव २०८२/८३ मा युएई र मलेसियाबाहेक अन्य प्रमुख गन्तव्य मुलुकको रोजगारी तुलनात्मकरूपमा न्यून घटबढ भएको देखिएको छ । तेस्रो प्रमुख गन्तव्य बनेको कतारमा गत आवमा एक लाख ३२ हजार ५१ जना गएका छन् ।

क्रमशः पृष्ठ २ मा


## सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं भक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

मुक्ति घोषणा भएको चार वर्ष

# हरवाचरवा समुदाय पहिचानबाट वञ्चित

**जनकपुरधाम–** सरकारले हरवाचरवा मुक्ति घोषणा गरेको चार वर्ष बितिसक्दा पनि आफूहरूको वास्तविक पहिचान र सामाजिक सुरक्षाको विषय अझै अधुरो रहेको हरवाहरवा समुदायले गुनासो गरेका छन् ।

चौथो हरवाचरवा मुक्ति दिवसका अवसरमा शनिबार राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा समुदायले कानुनीरूपमा मुक्ति घोषणा भए पनि यस समुदाय अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेका बताएका हुन् । हरवाचरवाको वास्तविक पहिचान र प्रमाणीकरणबिना सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले सरकारसँग चारबुँदे माग सार्वजनिक गरे ।

अध्यक्ष मण्डलले 'हरवाचरवा लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका, २०८० ' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नुपर्ने, तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणलाई तीव्रता दिनुपर्ने, मधेस प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी लगत संकलन तत्काल सुरु गर्न र भूमिहीन हरवाचरवाको अव्यावहारिक विस्थापन रोक्दै भूमि वितरण र पुनःस्थापनाको प्रक्रिया कानुनी र प्रभावकारीरूपमा अघि बढाउन सरकारसँग माग गरे ।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्णरूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाए पनि हरवाचरवाको वास्तविक लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण नहुँदा समस्या भएको भन्दै उनले माग सम्बोधन गर्न आग्रह गरे ।

पत्रकार सम्मेलनमा मञ्चका महासचिव लागेन्द्र सदाले कृषि क्षेत्रमा पुस्तौंदेखि बाध्यकारी श्रम गर्दै आएका हरवाचरवाका अधिकांश परिवार ऋणको नाममा न्यून वा बिनाज्यालामा श्रम गर्न बाध्य हुने अवस्था अझै कायम रहेको बताए । सन् २०१३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले गरेको अध्ययनलाई उद्धृत गर्दै उनले नेपालमा हरवाचरवाको संख्या एक लाखभन्दा बढी रहेको उल्लेख गरे ।

अधिकांश हरवाचरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेका उल्लेख गर्दै द फ्रिडम फण्डका कानुनी सल्लाहकार बलराम भट्टराईले जग्गा र बसोबासको प्रमाणपत्र नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेका बताए । असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा पहुँचको कमी तथा राजनीतिक प्रभावका कारण हुने शोषण हरवाचरवा समुदायको मुख्य समस्या रहेको उनको भनाइ छ ।

२०७९ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवाचरवा मुक्तिको घोषणा गरेका थिए । चार वर्षमा पनि हरवाचरवाको वास्तविक मुक्ति हुन नसकेको बताउँदै भट्टराईले घोषणा मात्र मुक्ति नभई प्रभावकारी कार्यान्वयनबाट मात्र हरवा चरवा समुदायले आफ्नो हकअधिकार पाउने भएकाले यसतर्फ सरकारले ठोस नीति अंगीकार गर्नुपर्नेमा जोड दिए । *रासस*


## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७८/१०/२३ गते **ऐना मल्टिमिडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. २८३१३६ कम्पनीको मिति २०८३/०४/०२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७५।०७।१५ मा दर्ता भएको प्रा.लि.नं. २०१८१६ को **आस्मी इन्क प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## पृष्ठ १ बाट क्रमशः

### गगनसँग देउवा...

'महाधिवेशनको लागि सबैभन्दा महत्त्वपूर्ण आधार पार्टीको क्रियाशील सदस्यता भएकोले यसका लागि पार्टी भित्र विवाद हुनु पहिले नै वर्तमान सभापति गगनकुमार थापा (तत्कालीन महामन्त्री) संयोजक रहेको समितिले टुंग्याएका सबै क्रियाशील सदस्यलाई पन्ध्रौं महाधिवेशनमा स्वतः सहभागी हुन पाउने व्यवस्था गरी उनीहरूको डिजिटल इन्ट्री गर्दै जाने,' प्रस्तावमा भनिएको छ, 'डिजिटल इन्ट्रीलाई पुनः नवीकरण भनी महाधिवेशनमा भाग लिन पाउने नपाउने विषयसँग नजोड्ने ।'

पार्टी एकताका लागि आफ्नो पक्षले हदैसम्मको लचकता अपनाएको तर, संस्थापनले पहिले भएका सहमतिभन्दा फरक कुराहरू बाहिर ल्याएर एकतामा अवरोध सिर्जना गरेको आरोप विश्वकर्माले लगाए ।

#### जवाफ फर्काउन पत्रकार सम्मेलन गर्दै संस्थापन

कांग्रेस संस्थापन पक्षले एकता प्रस्तावको जवाफ फर्काउन आज पत्रकार सम्मेलन गर्दैछ । ललितपुरको सानेपास्थि पार्टी कार्यालयमा दिउँसो ४ बजे पत्रकार सम्मेलन गरी यसको जवाफ दिने तयारी रहेको पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्ण दुलालले बताए । पार्टीका उपसभापति शर्माले यसबारे जवाफ दिने दुलालले बताए । शर्माले पार्टी एकताका लागि देउवा समूहका नेताहरूसँग भेट्दै आएका थिए ।

■■■

### वर्षाको कहर...

यो सडकखण्डमा शनिबार राति पनि वर्षाका कारण सवारी आवागमन रोकिएको थियो । नारायणगढ-मुग्लिन सडक प्रत्येक वर्ष बर्खायाममा पहिरोका कारण सबैभन्दा बढी प्रभावित हुने राजमार्गमध्ये एक हो । काठमाडौं उपत्यकामा पनि बाढीको जोखिम बढेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार आइतबार गौरीघाटस्थित बागमती नदीको जलसतह सतर्कता तह पार गर्दै २ दशमलव ४१ मिटर पुगेको थियो ।

बाढीविद् विनोद पराजुलीका अनुसार नदीको बहाव अझै बढ्दो क्रममा रहेकाले सोमबार बिहानसम्म नदी किनार तथा डुबान भइरहने क्षेत्रका नागरिकले विशेष सावधानी अपनाउन आवश्यक छ ।

उनले नदी किनारमा अनावश्यक रूपमा नजान, डुबान भइरहने बस्तीका नागरिकलाई आवश्यक परे सुरक्षित स्थानमा सर्न तथा बाढीसम्बन्धी पछिल्ला सूचना नियमित रूपमा पालना गर्न आग्रह गरे । देशका अन्य नदीहरूको पनि बहाव तीव्र बढेको छ । सप्तकोशी नदीमा आइतबार बिहान १ लाख ७६ हजार ३०५ क्युसेक रहेको पानीको बहाव दिउँसोसम्म बढेर २ लाख ९ हजार ८४० क्युसेक पुग्यो ।

पानीको बहाव बढेपछि कोशी ब्यारेजका ५६ मध्ये २८ वटा ढोका खोलिएको छ । बहाव खतराको तह नजिक पुगेपछि ब्यारेज क्षेत्रमा रातो झण्डा र रातो बत्ती बालिएको छ । प्रशासनले नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन तथा नदी किनारमा अनावश्यक रूपमा नजान आग्रह गरेको छ ।

पूर्वी पहाडी क्षेत्रमा पनि वर्षाले सडक सञ्जाल प्रभावित बनेको छ । इलामको राजदुवाली क्षेत्रमा पहिरो खसेपछि मेची राजमार्ग अवरुद्ध भएको छ । धनकुटाको भेडेटार-रवि-राँके सडकखण्डमा समेत सवारी सञ्चालन रोकिएको छ । पाँचथर, ताप्लेजुङ, खोटाङ लगायतका जिल्लाका मुख्य तथा ग्रामीण सडकहरू पनि विभिन्न स्थानमा अवरुद्ध भएका छन् ।

यता, काभ्रेपलाञ्चोकको बीपी राजमार्गमा गएको पहिरो भने हटाइएको छ । रोशी गाउँपालिकाका वडा नम्बर ७, ८ र ९ का विभिन्न स्थानमा पहिरो खस्दा पूर्ण रूपमा अवरुद्ध भएको सडक आइतबारदेखि पुनः सञ्चालनमा आएको प्रहरीले जनाएको छ ।

यसैबीच, हरेक वर्ष पहिरोले दुःख दिने नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोला र नाम्सी खोला क्षेत्रमा पहिरो रोकथामका लागि करिब २२ करोड २१ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको छ । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार ठेक्का पाएको निर्माण कम्पनीले साउन महिनादेखि १० महिनाभित्र काम सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । कमजोर चट्टान रहेको क्षेत्रमा रक एङ्करिङ, जाली जडान, बायो-इन्जिनियरिङ तथा पानी निकास व्यवस्थापनका काम गरिनेछन् ।

मौसम विभागका अनुसार आज पनि कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भूभाग, लुम्बिनी र सुदूरपश्चिमका पहाडी तथा तराई क्षेत्र, साथै मधेस प्रदेशका केही स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ । विभागले गेग्रान बहाव, बाढी, पहिरो, भूक्षय तथा डुबानको जोखिम उच्च रहने भएकाले नागरिकलाई अत्यावश्यक कामबाहेक यात्रा नगर्न, नदी तथा खोलानालाको आसपास नजान र स्थानीय प्रशासन तथा मौसम विभागबाट जारी हुने सूचना नियमित रूपमा पालना गर्न आग्रह गरेको छ ।

विभागका अनुसार बितेका २४ घण्टामा सबैभन्दा बढी वर्षा दाङको अमरपुरमा १०७ मिलिमिटर मापन गरिएको छ । त्यसपछि सिन्धुपाल्चोकमा १०३ मिलिमिटर र पश्चिम नवलपरासीमा ६९ मिलिमिटर वर्षा भएको छ । यी तथ्यांकले मध्य र पूर्वी नेपालका धेरै क्षेत्रमा अझै वर्षा प्रणाली सक्रिय रहेको संकेत गरेका छन् ।

विपद् व्यवस्थापनका निकायहरूले अहिलेको वर्षा प्रणाली तत्काल कमजोर नहुने आकलन गर्दै स्थानीय तह, सुरक्षा निकाय र नागरिकलाई तयारी अवस्थामा रहन आग्रह गरेका छन् । विशेषगरी नदी किनार, पहिरोको जोखिम भएका बस्ती तथा मुख्य राजमार्ग प्रयोग गर्ने यात्रुलाई यात्रा अघि मौसम र सडक अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न अनुरोध गरिएको छ ।

■■■

### गत आवमा...

आव २०८१/८२ मा कतारमा एक लाख ४० हजार ७९२ जना गएका थिए ।

विभागका अनुसार कतारपछि साउदी अरबमा एक लाख २४ हजार ५८३ जना गएका छन् । आव २०८१/८२ मा उक्त मुलुक जानेको संख्या एक लाख ५२ हजार ५५७ थियो । त्यस्तै, गत आवमा पाँचौं प्रमुख गन्तव्य बनेको कुवेतमा ४३ हजार ३६० जना गएका छन् । गत आवमा रोजगारीको खोजीमा युवाहरू १५१ वटा मुलुकमा गएका पाइन्छ । जसमध्ये २९ वटा मुलुकमा एक हजारभन्दा धेरै श्रमिक जाँदा आठ वटा मुलुकमा एक जनामात्र गएको तथ्यांक छ ।

#### सीपयुक्त श्रमिक झण्डै ६१ प्रतिशत

विभागका अनुसार गत एक वर्षमा सात लाख ९२ हजार १८७ जना रोजगारीका लागि विदेसिँदा ६०.९२ प्रतिशत श्रमिक सीपयुक्त भएर गएका छन् । सीप सिकेर गएका श्रमिकको संख्या चार लाख ८२ हजार ६४३ जना रहेको छ । यसमा चार लाख १९ हजार ७५ जना पुरुष र ६२ हजार ८६८ जना महिला छन् । त्यस्तै, अदक्ष श्रमिकको संख्या २४ प्रतिशत रहेको छ । रोजगारीमाएक लाख ६८ हजार ७५० पुरुष र २१ हजार ५१४ जना महिला गरी एक लाख ९० हजार २६४ जना श्रमिक कुनै सीप नसिकी गएका छन् । सो अवधिमा एक लाख १४ हजार ६१४ जना अर्धदक्ष श्रमिक परदेसिएका छन् । त्यस्तै, एक हजार ९६ उच्च दक्ष र तीन हजार ५७० जना व्यावसायिक कामदार रोजगारीमा गएका छन् ।

जिल्लागत तथ्यांकअनुसार गएको १२ महिनामा सबैभन्दा धेरै ३८ हजार ५५३ जना श्रमिक धनुषाबाट रोजगारीमा गएका छन् । त्यसपछि, झापाबाट ३५ हजार १२४, मोरङबाट ३१ हजार ९९०, सिरहाबाट ३० हजार २११ महोत्तरीबाट २८ हजार २२९ जना गएका छन् । सबैभन्दा कम मनाङबाट २१७ र मुस्ताङबाट २४४ जना गएका छन् ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०३/२३ गते का.जि.ता.न.पा.वडा नं.१०, मनमैजुमा पार्किङ गरी राखिएको अवस्थामा रातो रङ्को एनएस बाइक १२५ सि.सि. भएको मोटरसाइकल रातको २२:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज लि.**
**बाइक नं.: बा.प्र.-०२-०६६ प ५८५५**
**च्यासिस नं.: MD2B72BX2TCL81860**
**इन्जिन नं. : JEXCTLO6356**
**ठेगाना : मनमैजु, काठमाडौं**
**सम्पर्क नं. ९८०८५७८८६६**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०२।०९ गते भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.वडा नं.४ एसएस चोकस्थित घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्को पल्सर बाइक २२० सि.सि. भएको मोटरसाइकल दिनको अन्दाजी २:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : धन बहादुर श्रेष्ठ**
**बाइक नं.: बा.प्र.-०२-०६२ प २६९३**
**च्यासिस नं.: MD2A13EX6SCF87215**
**इन्जिन नं. : DKXLSF40075**
**ठेगाना : मध्यपुर ठिमी-४, भक्तपुर**
**सम्पर्क नं. ९८४१६०३५७५**

## माइग्रेसन हराएको सूचना

मिति २०८३/०३/०२ गते काठमाडौं जिल्ला, लोकन्थलीदेखि कोटश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सिजता मल्ल** (Sijata Malla)
**रजिस्ट्रेसन.नं.:**7-2-876-17-2010
**ठेगाना :** Bandipur-4, Tanahu
**सम्पर्क: :** 984-1622599



## अर्जेन्ट आवश्यकता

1. Receptionist-2 (Female)
2. Documentation- 2(Male/Female)
3. PRO- 5(Male/Female)
4. Manager- 1(Male)

■ **Requirements:** Minimum 1 year experience in related feild

**Salary: Negotiable / Lunch: Free Provided**
**Please send your updated CVs to**
**e- mail: info@securenepaljobs.com**

**Secure Nepal Job Placement Pvt.Ltd.**
**Sinamangal-9, Tarahall, Kathmandu, Nepal, Mobile : 9703939909, 9851014874, Tel: 015919873,015917974,**
**E-mail : Jobplacementsecurenepal@gmail.com**

## नाम, थर र जन्ममिति फरक परेको सूचना

*प्रकाशित मिति : २०८३/०४/०४ गते*



नाम, थर र जन्ममिति फरक परेको व्यक्तिहरू

जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनीको प.सं.०८२/०८३, च.नं.३५२९ र मिति २०८३/०३/२४ को पत्रअनुसार म्याग्दी जिल्ला मंगला गाउँपालिका वडा नं.३ (साविकको बरंजा गा.वि.स.वडा नं.३) निवासी भारतीय सेनाका भु.पु.सैनिक नं.५२४१५६५ हवल्दार पदम बहादुर शेरचन पुन (२/३GR) ले यस वडा कार्यालयमा दिनुभएको निवेदनअनुसार निजको पेन्सन पट्टामा नामथर **पदम बहादुर पुन** जन्म मिति ई.सं.१७/०६/१९५६ उल्लेख भएको र ने.ना.प्र.प.नं.४९-०१-७२-०३७७९ मा नामथर **पदम बहादुर शेरचन पुन** र जन्ममिति वि.सं.२०१३/०३/०३ (ई.सं.१६/०६/१९५६) भएको निजको श्रीमतीको नाम ने.ना.प्र.प.नं.६/१४६/१८५ मा **देवी शेरचन**, जन्म मिति वि.सं.२०२०/०२/०४ (ई.सं.१८/०५/१९६३) भएको र पेन्सन पट्टामा **दिल कुमारी**, जन्म मिति ई.सं.१९६४, वि.सं.२०२१ उल्लेख भएको निजको जेठो छोराको पेन्सन पट्टामा **कमल पुन** र नेपाली नागरिकताको प्रमाणपत्रमा **कमल शेरचन** उल्लेख भई फरक परे तापनि नामथर र जन्ममिति फरक देखिए पनि ती फरक नामथर गरेका व्यक्ति फरक फरक व्यक्ति नभई एकै व्यक्ति भएको साथै **पदम बहादुर पुन**को शेषपछि उनको एकमात्र श्रीमती भएकोले **देवी शेरचन/दिल कुमारी**लाई पेन्सनको लागि सिफारिस गरिदिनु हुन भनी सम्बन्धित मंगला गाउँपालिका ३ नं.वडा कार्यालयको च.नं.१५२६, मिति २०८३/०३/२४ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही वमोजिम पारिवारिक विवरण सिफारिस गरिन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०४ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ कामको सुरुवातका लागि समय अनुकूल देखिन्छ । आर्थिक निर्णयमा सोचविचार गर्नुहोस । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । खर्चमा नियन्त्रण राखे लाभ हुनेछ । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा मिल्ने सम्भावना छ । नयाँ चिनजान भविष्यमा उपयोगी बन्न सक्छ । |
| **कर्कट** | स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस । धैर्यका साथ अघि बढ्दा सफलता मिल्नेछ । |
| **सिंह** | नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ । आत्मविश्वास बढ्ने दिन रहनेछ। |
| **कन्या** | अधुरा काम पूरा हुने सम्भावना छ । अध्ययन र व्यवसाय दुवैमा सकारात्मक संकेत छ। |
| **तुला** | सम्बन्ध सुधार हुने समय छ । छोटो यात्रा वा नयाँ योजनाले लाभ दिन सक्छ । |
| **वृश्चिक** | आर्थिक पक्ष मजबुत बन्दै जाने संकेत छ । रिस नियन्त्रण गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । |
| **धनु** | मेहनतको उचित प्रतिफल पाइनेछ । नयाँ अवसरलाई आत्मविश्वासका साथ स्वीकार गर्नुहोस । |
| **मकर** | जिम्मेवारी बढ्न सक्छ । समय व्यवस्थापनमा ध्यान दिए सफलता हात पर्नेछ । |
| **कुम्भ** | साथीभाइको सहयोगले नयाँ काम अघि बढ्नेछ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ । |
| **मीन** | परिवारसँगको समय सुखद रहनेछ । पुरानो अनुभवले सही निर्णय लिन सहयोग गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ साउन, २०८३ (२० जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.७२ | १५४.३२ |
| युरो | १ को | १७५.५१ | १७६.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.७८ | २०६.५९ |
| स्विस फ्रैन्क | १ को | १८९.५६ | १९०.३० |
| अस्ट्रेलियन डलर | १ को | १०७.३७ | १०७.७८ |
| क्यानाडियन डलर | १ को | १०९.३२ | १०९.७४ |
| सिङगापुर डलर | १ को | ११८.९६ | ११९.४३ |
| जापानी येन | १० को | ९.४७ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.६९ | २२.७८ |
| साउदी अरब रियाल | १ को | ४०.९२ | ४१.०८ |
| कतारी रियाल | १ को | ४२.१६ | ४२.३३ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.८५ | ४२.०२ |
| मलेसियन रिङेट | १ को | ३७.६९ | ३७.८४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.४८ | २३.५७ |
| हङकङ डलर | १ को | १९.६१ | १९.६९ |
| कुवेती दिनार | १ को | ४९९.६६ | ५०१.६१ |
| बहराइन दिनार | १ को | ४०७.६९ | ४०९.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**साँगामा निर्माणाधीन अन्डरपास** | भक्तपुर र काभ्रेपलाञ्चोकको सिमाना क्षेत्र साँगामा निर्माणाधीन अन्डरपासबाट सवारीसाधन आवतजावत गर्दै । *तस्बिरः रासस*

# नारायणगढ–मुग्लिन सडकमा ओभरटेक नियन्त्रण गर्न प्रशासनको कडाइ

**चितवन–** वर्षायाममा सडक खुलेलगत्तै हतारमा सवारीसाधन ओभरटेक गर्ने प्रवृत्तिका कारण नारायणगढ-मुग्लिन सडकमा दुर्घटना र सवारीजाम बढ्न थालेपछि चितवन प्रशासनले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

आइतबार बिहान नारायणगढ-मुग्लिन सडकखण्डमा बसले ट्रकलाई ओभरटेक गर्ने क्रममा तीनवटा सवारीसाधन एकापसमा ठोक्किँदा ३० जना घाइते भएका थिए । दुर्घटनापछि केही समय सवारी आवागमनसमेत अवरुद्ध भएको थियो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले मुग्लिनतर्फ गइरहेको बसले ट्रकलाई ओभरटेक गर्दा दुर्घटना भएको बताए । उनका अनुसार ओभरटेक नै सडक दुर्घटना र सवारीजामको प्रमुख कारण बन्दै गएको छ ।

उनले ओभरटेकका कारण दुर्घटनाको जोखिम बढ्नुका साथै लामो सवारीजाम हुने, एम्बुलेन्सलगायत अत्यावश्यक सवारीसाधनलाई बाटो बनाउन कठिन हुने र दुर्घटनामा घाइते भएकाको उद्धारमासमेत ढिलाइ हुने गरेको बताए । ‘आज बिहानको दुर्घटनामा पनि सवारीजामका कारण उद्धार कार्य प्रभावित भयो,’ उनले भने ।

बाढीपहिरोको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले शनिबार राति १० बजेदेखि नारायणगढ-मुग्लिन सडक र चितवन क्षेत्रमा पर्ने पृथ्वी राजमार्गमा सवारी सञ्चालन अस्थायी रूपमा रोकेको थियो । बिहान ५:३० बजे सडक खुलेपछि चालकले हतारमा ओभरटेक गर्दा दुर्घटना र सवारीजाम भएको प्रशासनको भनाइ छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले ट्राफिक नियमको पालना गरे दुर्घटना र सवारीजाम दुवै उल्लेख्य रूपमा घटाउन सकिने बताए । उनले ट्राफिक नियमको पालनाबाट चालक र यात्रु दुवैले प्रत्यक्ष लाभ पाउने उल्लेख गरे ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वर्षायाममा बाढी र पहिरोको उच्च जोखिमका कारण रातको समयमा सवारी सञ्चालनमा रोक लगाउनु बाध्यता रहेको बताउँदै सडक खुलेपछि आ-आफ्नो लेनमै सवारी चलाउन र ओभरटेक नगर्न चालकलाई आग्रह गरे । उनले सुरक्षित र सहज यातायात सञ्चालनका लागि प्रशासनसँगै चालक र यात्रुको पनि समान सहयोग आवश्यक रहेको बताए ।

उनले ट्राफिक नियम उल्लंघन गर्ने चालकविरुद्ध कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिँदै सबैलाई ट्राफिक नियमको पूर्णपालना गर्न आग्रह गरे । *रासस*

# भरतपुर अस्पतालको सिटी स्क्यान सेवा पुनःसञ्चालन

**चितवन–** चितवनको भरतपुर अस्पतालमा प्राविधिक समस्याका कारण अवरुद्ध रहेको सिटी स्क्यान सेवा पुनः नियमितरूपमा सुरु गरिएको छ । सिटी स्क्यान बिग्रिएपछि बिरामीलाई स्वास्थ्य बिमाको शुल्कमा निजी अस्पतालबाट सेवा दिँदै आइएको थियो ।

अस्पतालका सूचना अधिकारी गोपालप्रसाद पौडेलका अनुसार नौ वर्ष पुरानो सिटी स्क्यान उपकरणको एक्स-रे टचुब बिग्रिएपछि असार ७ गतेदेखि सेवा अवरुद्ध भएको थियो । उक्त उपकरण खरिद सम्झौताअनुसार सम्बन्धित कम्पनीले नेदरल्याण्डबाट नयाँ एक्स-रे टचुब ल्याएर जडान गरेपछि सेवा पुनः नियमितरूपमा सञ्चालनमा आएको उनले जानकारी दिए ।

सेवा अवरुद्ध रहेकै अवधिमा बिरामीलाई समस्या नहोस् भन्ने उद्देश्यले अस्पतालले गत असार १० गतेदेखि निजी अस्पताल समन्वय समिति (अफिन) चितवनसँग समन्वय गरी सिटी स्क्यान सेवालाई निरन्तरता दिँदै आएको थियो । अस्पतालका अनुसार दैनिक करिब ५० जना बिरामीले सिटी स्क्यान सेवा लिने गरेका छन् ।

यसैबीच, अस्पतालले दूरबिन (ल्यापारोस्कोपिक) तथा चिरफार (ओपन) विधिबाट गरिने पित्तथैली निकाल्ने शल्यक्रिया (कोलेसिस्टेक्टोमी) को पालो व्यवस्थापनमा पनि परिवर्तन गरेको छ । अस्पतालका प्रवक्ता एवं सहप्राध्यापक डा. रामप्रसाद सापकोटाका अनुसार तोकिएको समयभन्दा अगावै शल्यक्रिया सम्पन्न गराउने उद्देश्यले शल्यक्रियाको तालिका हेरफेर गरिएको हो ।

वि.सं. २०८३ को माघ महिनाभन्दा पछाडिको मितिमा शल्यक्रियाको पालो पाएका सेवाग्राही तथा बिरामीलाई अस्पतालमा सम्पर्क गर्न अनुरोध गरिएको उनले बताए । *रासस*


## मलेसियामा रोजगार

कम्पनी : BCM ELECTRONICS CORPORATION SDN. BHD. Address: Phas

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ | LT. No. 344778 | चलानी नं. ६०२५८१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 50 | 50 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE (P.) LTD.
श्रम ईजाजत नं. १२७५/०७४/७५

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL MANEEF TRADING,INDUSTRY AGRICULTURE AND CONTRACTING COMPANY BRANCH शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345121 | चलानी नं. ६०२५८४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ७४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ११ गते (27th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.: info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## साउदीमा रोजगार

कम्पनी : ALBILAD COMPANY HOLDING — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०३/३० | LT. No. 344951 | चलानी नं. ६०२५८४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | heavy driver- (truck driver) | 3 | 0 | 1800 | ७४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CLEAN READY ESTABLISHMENT. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०३/३१ | LT. No. 344999 | चलानी नं. ६०२५८४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER CLEANING CARPETS | 2 | 0 | 1000 | ४१,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

## युएइमा रोजगार

कम्पनी : SASY AND SAMCON CONTRACTING AND GENERAL TRANSPORT - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०३ | LT. No. 342787 | चलानी नं. ६०२५६२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 2 | 0 | 1500 | ६२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 2 | 0 | 1500 | ६२,८७० | | | | | | | |
| 3. | Electrician. | 2 | 0 | 1500 | ६२,८७० | | | | | | | |
| 4. | Labour (Building Projects) | 2 | 0 | 1000 | ४१,९१५ | | | | | | | |
| 5. | Plumber | 2 | 0 | 1500 | ६२,८७० | | | | | | | |
| 6. | Steel Fixer | 2 | 0 | 1500 | ६२,८७० | | | | | | | |
| 7. | Welder | 2 | 0 | 1500 | ६२,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सिरहा, Salhesh Training Center Traffic Chowk-07 : २०८३ साउन ११ गते (27th Jul. 2026) मा हुनेछ ।
सिरहा, S and S Training Center Siraha Pvt.Ltd Siraha-7 Thana Chowk मा मिति : २०८३ साउन ११ गते (27th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, Bidesh Training Center Mujelia-14 & Jit Training Center, Barhabigha-9 मा मिति : २०८३ साउन १२ गते (28th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob:9841781155, 9808818851,
9851015421,9816060051, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np


### सरकारलाई संसदीय समितिको निर्देशन

# बाल सुधार गृहका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउनू

**काठमाडौँ–** प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ ।




समितिको आइतबारको बैठकमा ‘बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकारसम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिबाट समितिमा पेस भएको प्रतिवेदन, २०८३’ माथि सम्बन्धित मन्त्रालयसँग छलफलपश्चात् सो निर्देशन दिइएको हो । प्रतिवेदनमाथि समितिका सदस्य र सम्बन्धित अधिकारीबाट प्राप्त रचनात्मक तथा व्यावहारिक सुझावसमेतलाई आवश्यकतानुसार समावेश गरी प्रतिवेदनलाई थप कार्यान्वयनयोग्य, व्यावहारिक र नतिजामुखी बनाउने कार्ययोजना समितिको आगामी बैठकमा पेस गर्न सम्बन्धित मन्त्रालयलाई भनिएको छ ।

समितिले हाल सञ्चालनमा रहेको रूपन्देही बाल सुधार गृहको भवन साँघुरो तथा अनुपयुक्त देखिएकाले जिल्ला समन्वय समिति, रूपन्देहीको नवनिर्मित भवन बाल सुधार गृहलाई हस्तान्तरण गर्न र जिल्ला समन्वय समितिको काम बाल सुधार गृहको भवनबाट चलाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिएको छ ।

बाल सुधार गृहहरूको भौतिक पूर्वाधार तत्काल विस्तार तथा क्षमता अभिवृद्धि गर्न प्राविधिक वा व्यावहारिकरूपमा असहज भएता पनि विद्यमान चाप र समस्यालाई दृष्टिगत गरी तत्काल यसको वैकल्पिक प्रबन्ध गर्न आवश्यक देखिएको समितिले ठहर गरेको छ । बाल सुधार गृहहरूको क्षमता अनुकूल बालबालिकालाई मानवोचितरूपमा राख्ने प्रबन्ध मिलाउन अन्य सम्बन्धित सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सोको शीघ्र सुरुवातका लागि महिला, बालबालिका मन्त्रालयलाई निर्देशन दिइएको छ ।

बाल सुधार गृहमा रहेका बालबालिकाको पोषणका लागि हाल कैदीबन्दीसरह उपलब्ध गराइँदै आएको दैनिक सिदा तथा रकम अपर्याप्त देखिएकाले बालबालिकाको उमेर र शारीरिक आवश्यकता अनुकूलको उपयुक्त पोषण तथा खाद्यान्न व्यवस्थापनका लागि तत्काल आवश्यक निर्णय गरी कार्यान्वयन गर्न महिला, बालबालिका मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन निर्देशन दिइएको छ ।

समितिकी सभापति समीक्षा बाँस्कोटाको अध्यक्षता र महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीको उपस्थितिमा भएको बैठकमा मन्त्रालयका सचिव कृष्णबहादुर राउत र सहसचिव चक्रबहादुर बुढाले प्रस्तुतीकरण दिएका थिए । बैठकमा सदस्यहरू निनुकुमारी कर्ण, कन्हैया बनिया, मोहनलाल आचार्य, सरस्वती लामा, रूविना आचार्य, मधुकुमार चौलागाईं, मनिष खनाल, मनमाया विश्वकर्मा, सुष्मा स्वर्णकार (डिम्पल), खीमा विक र सुलभ खरेलले बाल सुधारका विभिन्न पक्षबारे आफ्ना जिज्ञाशा र भनाइ राखेका थिए । *रासस*

# कर्जा चुक्ता तथा धितो लिलाम बारेको ७ दिने सूचना

**तोस्रो पटक प्रकाशित मितिः २०८३/०४/४ गते**

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित कर्जा सदस्यले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने सावाँ, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराई विभिन्न मितिमा ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि कर्जा चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले सदस्यलाई आफ्नो कर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागि मिति २०८३/१/११ गते ३५ (पैतिस) दिने सार्वजनिक सूचना र मिति २०८३ असार २४ गते सात दिने सूचना जारी गर्दा समेत वेवास्ता गरी बसेको हुनाले सदस्यहरुलाई आफ्नो कर्जा चुक्ता भुक्तान गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो सम्पत्ति लिलामीको लागि यो ७ दिने सूचना जारी गरिएको छ । उल्लेखित मिति भित्र तपसिल बमोजिमका शेयर सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थालाई लेखि दिएको तपसिलमा उल्लेखित विवरण रहेको सम्पत्ती लिलाम बिक्री गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमसुक, सर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा, ब्याज, हर्जना तथा असुली कारबाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कर्जा चुक्ता नगर्ने तपसिल बमोजिमका शेयर सदस्यहरुको संस्थामा धितो रहेको सम्पत्ती सकार गरिलिन ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस संस्थाको मुख्य कार्यालय ललितपुर-१९, कुमारीपाटीमा कार्यालय समय भित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्धि बोल पत्र पेश गर्नहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु संस्थाको कार्यालयमा ८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन बिहान १० बजे खोलिने हुँदा सम्बन्धित शेयर सदस्य, बोलपत्र दाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ तर बोलपत्र दाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

**तपसिल**

| ऋणीको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| १) **ऋणी :- बिजेश रुद्र श्रेष्ठ**<br>बाजे :- जगतलाल श्रेष्ठ<br>पिता :- भिम रुद्र श्रेष्ठ<br>ना.प्र.नं.:-४६२२, काठमाण्डौ<br>ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २७ ।<br>हाल :- ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा ।<br><br>**व्यक्तिगत जमानी कर्ता**<br><br>१) **यचु श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा ।<br><br>२) **सरोजिनी श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा । | **श्री नेपाल ई-विज मेनेजमेन्ट प्रा.लि.**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं.८, सिट नं. ८(ख) को कि.नं. ४०५, कि.नं.३९१ र कि.नं ३९६ को क्रमशः क्षेत्रफल १-०-१-२, ०-४-१-३ र ०-१-३-१, रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत ।<br>**श्री बिजेश रुद्र श्रेष्ठ**को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स. वडा नं. ८, सिट नं.८(क) को कि.नं. ३८७, कि.नं.४०३, कि.नं.५८७, कि.नं.५८६, कि.नं.११८५, कि.नं.३८५, कि.नं.५८५, कि.नं.११८६, कि.नं.६९२, कि.नं.३९८, कि.नं.९७८, कि.नं.६०३, कि.नं.११८७, कि.नं.४००, कि.नं.११५१, कि.नं.११५२, कि.नं.१०३०, कि.नं.१०३१, कि.नं.३९०, कि.नं.१२३९, कि.नं.१२०१, कि.नं.३७२, कि.नं.३८९, कि.नं.९७७ जग्गाको क्रमशः क्षेत्रफल २८९४.८९ व.मि.,८२९.५३ व.मि.,५५८.६६ व.मि.,१०१५.७५ व.मि.,११२६.८५ व.मि.,७६१.८१ व.मि., १६९२.९२ व.मि.,११२६.६६ व.मि., २४०३.९४ व.मि., १२१८.९० व.मि.३८९.४२ व.मि., १३५४.३३ व.मि., ११२६.६८ व.मि.,१०१५.७५ व.मि., २२८५.७५ व.मि., ३३८.६३ व.मि., ३१६६.१९ व.मि., ७९५.७८ व.मि. ८६३.३९ व.मि., ३३८.६३ व.मि., १५७४.६३ व.मि., ३७५८.९० व.मि., ७२७.९५व.मि., १३५४.५२ व.मि. रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत, दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१५८ र कि.नं.१६० को क्रमश क्षेत्रफल १२१८.९० व.मि.र ४७४.०२ व.मि. र **एस भेन्चर प्रा.लि**. को नाममा मालपोत कार्यालय घोराहि दाङमा दर्ता रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१९७, २०५, २०७ र ७६५ को क्रमशः क्षेत्रफल ६७७.१७ व.मि., ३३८.५८ व.मि., ९३१.१० व.मि.र १०१५.८९ व.मि.रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत । |
| २) **ऋणी :- यचु श्रेष्ठ**<br>पति :- बिजेश रुद्र श्रेष्ठ<br>ससुरा/पिताः- भिम रुद्र श्रेष्ठ/रविचरण श्रेष्ठ<br>ना.प्र.नं.:-१८४४, काठमाण्डौ<br>ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २३ ।<br>हाल :- ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा<br>**व्यक्तिगत जमानी कर्ता**<br>१. **बिजेश रुद्र श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा ।<br>२. **सरोजिनी श्रेष्ठ**<br>ठेगानाः ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. २, सानेपा । | **श्री बिजेश रुद्र श्रेष्ठ**को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स. वडा नं. ८, सिट नं.८(क) को कि.नं. ३८७, कि.नं.४०३, कि.नं.५८७, कि.नं.५८६, कि.नं.११८५, कि.नं.३८५, कि.नं.५८५, कि.नं.११८६, कि.नं.६९२, कि.नं.३९८, कि.नं.९७८, कि.नं.६०३, कि.नं.११८७, कि.नं.४००, कि.नं.११५१, कि.नं.११५२, कि.नं.१०३०, कि.नं.१०३१, कि.नं.३९०, कि.नं.१२३९, कि.नं.१२०१, कि.नं.३७२, कि.नं.३८९, कि.नं.९७७ जग्गाको क्रमशः क्षेत्रफल २८९४.८९ व.मि.,८२९.५३ व.मि.,५५८.६६ व.मि.,१०१५.७५ व.मि.,११२६.८५ व.मि.,७६१.८१ व.मि., १६९२.९२ व.मि.,११२६.६६ व.मि., २४०३.९४ व.मि., १२१८.९० व.मि.३८९.४२ व.मि., १३५४.३३ व.मि., ११२६.६८ व.मि.,१०१५.७५ व.मि., २२८५.७५ व.मि., ३३८.६३ व.मि., ३१६६.१९ व.मि., ७९५.७८ व.मि. ८६३.३९ व.मि., ३३८.६३ व.मि., १५७४.६३ व.मि., ३७५८.९० व.मि., ७२७.९५व.मि., १३५४.५२ व.मि. रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत, दाङ जिल्ला साविक लक्ष्मीपुर गा.वि.स.वडा नं.६, सिट नं. ६(क) को कि.नं.१५८ र कि.नं.१६० को क्रमश क्षेत्रफल १२१८.९० व.मि.र ४७४.०२ व.मि..रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत । |

**लिलामका शर्तहरुः**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोल कबोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी वापत तुरन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ती बुझि नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढि रकम प्रस्तावक व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४. तोकिएको लिलामको दिन सरकारी बिदा परेमा वा सहकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाँक बढाबढ हुनेछ ।
५. डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक पेश गर्ने व्यक्तीलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ ।
६. लिलाम बिक्री हुने धितो (घर/जग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
७. यो सूचना प्रकाशित भएको ८औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं.-१९, कुमारीपाटीमा बिहान १० बजे लिलामको डाँक बढाबढ गरिनेछ ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च कर्जा सदस्य स्वयमलेनै व्यहोर्नु पर्नेछ ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धि विनियमावली अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम विक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा कर्जा सदस्य तथा जमानीको नाममा रहेको नेपाल राज्य भरको अन्य चल अचल सम्पत्तीबाट समेत असुल उपर गरिनेछ ।

**नोटः धितो लिलाम हुने मितिः २०८३/०४/११, स्थान : संस्थाको मुख्य कार्यालय, कुमारीपाटी, ललितपुर, समयः बिहान १० बजे**

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.

**मुख्य कार्यालय** : ल.म.न.पा. वडा नं. १९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ५४३२७१८ Email: info@panchashilmcl.com.np
**पञ्चशील सदस्य सेवाकेन्द्रहरु** : चापागाउँ, ललितपुर फोन नं.: ०१- ५२६५४७१, सरस्वतिनगर, काठमाण्डौ, फोन नं.०१-४८१३४४७, कोटेश्वर, काठमाण्डौ, फोन नं.: ०१-४६१०६१७, ४६१०१०७, न्यूरोड, काठमाण्डौ, फोन नं.: ०१-५३५५४०८, सुर्यविनायक, भक्तपुर, फोन नं.: ०१-६६१५६४७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### किताकाट खोलेर घरजग्गा व्यवसायमा उदार बन

सरकारले घरजग्गा व्यवसायलाई कस्न भन्दै कित्ताकाटमा कडाइ गर्न थालेको धेरै भइसक्यो । सम्पत्ति शुद्धीकरणको नाममा सरकारले घरजग्गा व्यवसायमा कडाइ गर्न भन्दै कित्ताकाट रोक्न थालेको हो । हरेक सरकारले कित्ताकाट खोल्न अध्यादेश ल्याउँदै आएको छ ।

यसपटक पनि साउनबाट कित्ताकाट रोकेको छ । व्यवसायीहरू कित्ताकाट रोक्ने डरले कतिपयले असारमै अस्वभाविक कारोबार गरेका छन् । वर्गीकरणको नाममा सरकारले स्थानीय तहलाई दुख दिएर कित्ताकाट रोक्ने काम सरकारले गरिरहेको छ । सरकार आफैले दक्ष जनशक्ति उपलब्ध नगराउने, कुन जग्गालाई कुन वर्गमा राख्ने भनेर निधो गर्न नसक्ने अवस्था अहिलेको छ ।

कृषि, आवास वा अन्य जग्गा भनेर सरकारले वर्गीकरण गर्न भनेको छ । तर आवासीय जग्गाको मुल्याङ्कन धेरै हुने भएकोले स्थानीयले कृषियोग्य जमिनलाई पनि आवासीयमै राख्न खोज्छन् । जसका कारण स्थानीय तहले यसलाई प्रभावकारी रूपमा यो काम अघि बढाउन सकेको छैन ।

४११ तहले अझै पनि जग्गाको वर्गीकरण गर्न सकेको छैन । जग्गा कित्ताकाट गर्न अब वर्गीकरण अनिवार्य भनेको छ । यसले गर्दा काठमाडौं, विराटनगरजस्ता क्षेत्रको घरजग्गा व्यापार प्रभावित हुने देखिन्छ । खासमा सरकारले घरजग्गा व्यवसायदेखि सबै क्षेत्रमा नियमनमा कडाई गर्नुपर्ने हो ।

विकसित देशहरूमा ठुलो रकम तिरेर जग्गा, गाडी किन्न पाउँदैन । आम्दानीको स्रोत पहिचान गरेपछिमात्र घरगाडी वा अन्य सामान खरिद गर्न दिन्छ । नेपालमा भने अवैध लगानी हुने क्षेत्र भनेर घरजग्गालाई आरोप लगाएको छ । गाडी, सुन, गहनादेखि अरु क्षेत्रमा लगानीको सीमा तोकेको छैन । वर्तमान मन्त्रीहरूसँग नै अथाह सुन र गहना देखिन्छ ।

यता घरगाडी र जग्गा किन्न अहिले पनि कुनै सीमा तोक्ने वा नियमन गर्ने काम सरकारले गरेको छैन । यस्तो अवस्थामा कित्ताकाट रोकेर घरजग्गा कारोबार ठप्प पार्ने काम सरकारले नै गरेको देखिन्छ । वर्षमा खर्ब नजिकको राजश्व उठाउने घरजग्गा व्यवसाय रोक्नु सरकारकै लागि घाटाको विषय हो । घरजग्गा कारोबार रोकिँदा वैदेशिक रोजगारीमा पुगेकाहरूको लगानीसमेत नआउने जोखिम देखिएको छ । किनभने धेरैजसोले विदेशमा कमाएको धन घरजग्गामा लगानी गर्छन् ।

घरजग्गा अनिवार्य वस्तु भएकोले पनि धेरैले यस क्षेत्रमा लगानी गर्न चाहन्छन् । तर सरकार आफैले घर यस्ता लगानी रोक्न खोज्नु आफैमा अचम्मलाग्दो विषय हो । विश्वको विकसित देशमा 'रियल स्टेट' व्यापार सधैं खुल्ला रहन्छ । नियमनमा कस्नुपर्ने सरकारले कित्ताकाटतिर कसेर गलत कदम चालिरहेको छ । यसबारे बेलैमा सोचौ ।

## श्रम सरोकार

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**


रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# 'हामी शान्तिका पक्षधर हौं, तर सुरक्षा र अस्तित्वमा सम्झौता गर्दैनौं'

नेपाल र इजरायलको कूटनीतिक सम्बन्ध छ दशकभन्दा लामो भइसकेको छ । यो अवधिमा इजरायलले नेपालको कृषि, शिक्षा, नवप्रवर्तन, प्रविधि, स्वास्थ्य सेवा, विपद् व्यवस्थापन, श्रम सहयोगमा निकै नै सहयोग पुर्‍याएको छ । नवप्रवर्तन, पानी व्यवस्थापन, प्रविधि, कृषि, साइबर सुरक्षा र अनुसन्धानमा उल्लेखनीय उपलब्धिहरूका लागि इजरायल उदाहरणीय देशमा रूपमा चित्रित छ । पछिल्लो समयमा नेपालका हजारौं युवा इजरायल कृषि इन्टर्नसिप कार्यक्रमबाट लाभान्वित भएका छन् । इजरायल गएकाहरु बहुमूल्य ज्ञान र सीपसहित स्वदेश फर्केर उद्यम गर्न थालेका छन् । यसै सन्दर्भमा, नेपाल-इजरायल सम्बन्धको वर्तमान अवस्था, सहयोगको भविष्यको अवसर, क्षेत्रीय सुरक्षालगायतका विषयमा नेपालका लागि **इजरायली राजदूत स्मूलिक एरी बास**सँग *प्रभावका* लागि **वैकुण्ठ भण्डारी**ले गरेको कुराकानीः



**स्मूलिक एरी बास**, नेपालका लागि इजरायली राजदूत

> नेपाल र इजरायलबीच मैत्रीपूर्ण सम्बन्ध छ । यो सम्बन्ध हामी विस्तार गर्न लागिरहेको छौं । हामी दुई देशलाई राम्रो बनाउन थप काम गर्न सक्छौं । हामीसँग जनता-जनताबीच मित्रता छ । हामीसँग कामदारहरूको आदानप्रदान भइरहेको छ । नेपाली विद्यार्थीहरु र कामदारहरु इजरायल जान्छन् । इजरायली कम्पनीहरु नेपालमा रूचि राख्छन् । यो निकै राम्रो सम्बन्धको प्रतिफल हो ।

**राजदूतका रूपमा नेपालमा आउनुभएको छ । यहाँको बसाइ कस्तो महसुस गर्नुभएको छ ?**

मेरी श्रीमती र म यहाँका सुन्दर दृश्य, नेपाली जनताको राम्रो व्यवहार, न्यानोपन र समृद्ध संस्कृतिको अत्यन्तै आनन्द लिएर बसेका छौं । यति धेरै जातीय समूहहरूको विविधता, दृश्यहरूको विविधता, हिमालय, मैदान, पहाड, हेर्न र अनुभव गर्दै यहाँको बसाइको यो अवधिमा हामीले आफूलाई निकै नै भाग्यमानी ठानेका छौं ।

**नेपाल–इजरायलको वर्तमान सम्बन्धलाई कसरी चिनाउनुहुन्छ ?**

नेपाल र इजरायलबीच मैत्रीपूर्ण सम्बन्ध छ । यो सम्बन्ध हामी विस्तार गर्न लागिरहेको छौं । हामी दुई देशलाई राम्रो बनाउन थप काम गर्न सक्छौं । हामीसँग जनता-जनताबीच मित्रता छ । हामीसँग कामदारहरूको आदानप्रदान भइरहेको छ । नेपाली विद्यार्थीहरू र कामदारहरू इजरायल जान्छन् । इजरायली कम्पनीहरू नेपालमा रुचि राख्छन् । यो निकै राम्रो सम्बन्धको प्रतिफल हो । म आशा गर्छु कि हामी द्विपक्षीय व्यापारको अवरोध पनि पार गर्ने छौं ।

**दुई देशबीचको सहकार्यलाई सुदृढ पार्न दूतावासका प्राथमिकताहरू के–के हुन् ?**

अहिले हाम्रो प्राथमिकतामा कामका अवसरहरूलाई प्रवर्द्धन गर्नु हो । इजरायलमा नेपालबाट काम गर्ने जनशक्ति लैजानेबारे हामीसँग सम्झौता छ । यो केवल काम हो, आप्रवासन होइन । यस सम्झौताभित्र हामीसँग पहिले नै एउटा प्रोटोकल बनेको छ, सोहीअनुसार काम भइरहेको छ । विगतदेखि नै नेपाली युवाहरूले इजरायलमा श्रम गरिरहनुभएको छ । अहिले नेपाली युवाहरूले घरमा आधारित हेरचाह र कृषि श्रमिकका रूपमा काम गरिरहनुभएको छ । युवा रोजगारीका लागि अझै पनि हाम्रो निरन्तर प्रक्रिया अगाडि बढिरहेको छ ।

**तपाईंको दृष्टिकोणमा कृषिमा आधारित 'सिक्ने र कमाउने कार्यक्रम' कति सफल भएको छ ?**

हाम्रो दृष्टिकोणबाट यो अत्यन्तै सफल कार्यक्रम हो । जब म नेपालमा यात्रा गर्छु, धादिङ, कैलाली, चित्लाङलगायतका क्षेत्रहरूमा इजरायलबाट अध्ययन गरेर आएका विद्यार्थीहरू देख्छु । ११ महिनाका लागि इजरायलमा गएर आधुनिक कृषिको सीप लिएर फर्केका विद्यार्थीहरूले कृषिमा भइरहेका प्रक्रिया परिवर्तन गर्न सफल भएका छन् । उनीहरूले गरेको कृषि उत्पादनबाट सफल भएका छन् । जसबाट उनका छिमेकीहरूले पनि तिनीहरूबाट नक्कल गर्ने प्रयास गरेका छन् र नक्कल गर्नु राम्रो हो जसले अरूलाई पनि सफल बनाइरहेको छ । अन्तिमपटक मैले इजरायलमा ११ महिनादेखि रहेका दुई विद्यार्थीसँग चित्लाङ भ्रमण गरेको थिएँ । चित्लाङका एक हजार १०० परिवारले इजरायली प्रविधि प्रयोग गरिरहेका छन् । यो ठूलो सफलता हो, ठूलो गर्वको कुरा हो ।

**त्यसो भए तपाईं चित्लाङमा इजरायली कृषि प्रविधि सफल भएको मान्नुहुन्छ ?**

हो, मानिसहरूले मलाई धेरै राम्रो स्वागत गरे । म इजरायलको प्रतिनिधि हुँ र त्यहाँ यति धेरै इजरायली प्रविधि देखेर म छक्क परें ।

**अब आउँदो वर्षमा नेपाली विद्यार्थीहरूले अवसरको आशा गर्न सक्छन् त ?**

पक्कै पनि त्यो अवसर हामी निरन्तर प्रदान गरिनै रहन्छौं । हामीसँग अन्य देशले पनि सिक्दै कमाउँदै कार्यक्रममा यो सम्झौता गर्नुभएको छ । कहिलेकाहीँ यो कम हुन्छ । नेपालबाट केही वर्षमा एक हजार विद्यार्थी समेट्ने योजनामा छौं । हामी कृषि संकाय भएका विश्वविद्यालयहरूको सहयोगको आशा गर्छौं किनभने सिक्नुहोस् र कमाउनुहोस् भनेको कृषिको तेस्रो वर्षका विद्यार्थीहरूका लागि हो ।

**इजरायली प्रविधिले नेपालको कृषि क्षेत्रलाई कसरी सुधार गर्न सक्छ ?**

इजरायली प्रविधिले नेपाली उत्पादकत्वलाई निकै नै सहयोग पुग्छ । हामी देख्छौं कि यहाँ धेरै ज्ञान छ । इजरायलबाट फर्किएका लगभग पाँच हजार सिक्ने र कमाउने विद्यार्थीहरू छन् । जसले नेपालभरि अरूलाई प्रभाव पार्न, सफलता पाउन थालेका छन् । विगतमा यहाँको परम्परागत कृषि अभ्यास विगतमा राम्रा थिए, त्यसले तपाईंलाई आफ्नै क्षमता दिन सक्छन् । तर इजरायली प्रविधिको साथ, तपाईं लाभ उठाउन सक्नुहुन्छ, तपाईं नाफा कमाउन सक्नुहुन्छ, तपाईं आफ्नो परिवार र साथीहरूलाई राम्रो व्यवहार गर्न सक्नुहुन्छ ।

> - जब म नेपालमा यात्रा गर्छु, धादिङ, कैलाली, चित्लाङलगायतका क्षेत्रहरूमा इजरायलबाट अध्ययन गरेर आएका विद्यार्थीहरु देख्छु । ११ महिनाका लागि इजरायलमा गएर आधुनिक कृषिको सीप लिएर फर्केका विद्यार्थीहरूले कृषिमा भइरहेका प्रक्रिया परिवर्तन गर्न सफल भएका छन् । उनीहरूले गरेको कृषि उत्पादनबाट सफल भएका छन् । यो ठूलो सफलता हो, गर्वको कुरा हो ।
> - इजरायली प्रविधिले नेपाली उत्पादकत्वलाई निकै नै सहयोग पुग्छ । हामी देख्छौं कि यहाँ धेरै ज्ञान छ । इजरायलबाट फर्किएका लगभग पाँच हजार सिक्ने र कमाउने विद्यार्थीहरु छन् । जसले नेपालभरि अरूलाई प्रभाव पार्न, सफलता पाउन थालेका छन् ।
> - इजरायली प्रविधि अनुकूलनीय छ । हिमाल, पहाड वा तराई, सबै ठाउँमा इजरायली प्रविधिमा अनुकूलन गर्न सकिन्छ । यो प्रविधि केवल एक ठाउँका लागिमात्र बनाइएको छैन । इजरायल आफैंमा सात उपजलवायु क्षेत्रहरु छन् । त्यसैले प्रत्येक क्षेत्रमा, हामी माटो र हावापानीको सतप्रतिशत अवस्थाअनुसार प्रविधि अपनाउँछौं ।

**इजरायलबाट तालिम लिएर फर्केका युवाहरूले नेपाली कृषि आधुनिकीकरणमा कसरी योगदान पुर्‍याउन सक्छन् त ?**

मलाई लाग्छ कि उनीहरूले आफैं खेती गरिरहेका छन् । उनीहरूले प्रयोग गरेको प्रविधिहरूलाई अरूहरूले नियालिरहेका छन् । जसबाट पनि धेरै कुरा सिक्ने अवसर प्राप्त भएको हुनुपर्दछ । तर, मलाई लाग्छ फर्केका युवाहरूले नेपाली किसानलाई देखाउनका लागि पनि कम्पनी सञ्चालन गरिरहेका छन् । उत्पादन गरिरहेका छन् । जसले धेरै नेपालीहरू इजरायलको कृषि प्रविधिलाई यही नै सिकाइरहेका छन् ।

**इजरायलबाट फर्केका नेपाली विद्यार्थीहरूले प्रविधि विस्तार गरिरहेका छन्, उनीहरूलाई थप सहयोग कसरी गर्नुहुन्छ ?**

मलाई लाग्छ, तिनीहरू आफैं उभिन सक्षम छन् । उनीहरू फर्केर व्यवसाय सुरू गरिहाल्छन् फर्केर आएकाहरूले धेरै ठूलो सफलता हासिल गरेका छन् । मसँग धेरै मानिसहरू छन् जो इजरायलमा थिए र फर्केर आए । त्यसैले इजरायलले पनि उही फर्केकाहरूसँग निरन्तर सम्बन्ध जोडिरहेको छ । तर अरू कुनै सीप वा व्यावसायिक सहयोग पनि दिएको छैन । किनकि उनीहरू नै आत्मनिर्भर बनिसकेका छन् ।

**तर, इजरायली प्रविधि नेपालमा प्रयोग गर्न कठिन होला नि त ?**

त्यस्तो छैन । इजरायली प्रविधि अनुकूलनीय छ । हिमाल, पहाड वा तराई, सबै ठाउँमा इजरायली प्रविधिमा अनुकूलन गर्न सकिन्छ । यो प्रविधि केवल एक ठाउँका लागिमात्र बनाइएको छैन । इजरायल आफैंमा सात उपजलवायु क्षेत्रहरू छन् । त्यसैले प्रत्येक क्षेत्रमा, हामी माटो र हावापानीको सतप्रतिशत अवस्थाअनुसार प्रविधि अपनाउँछौं ।

**इजरायली प्रविधिले नेपाली किसानलाई कसरी जोड्न सकिन्छ त ?**

हामी वास्तवमा भिरालो पहाडमा उब्जनी गर्न सक्दैनौं, तर कृषि, तरकारी वा फलफूल उत्पादनका लागि हामीसँग राम्रो क्षेत्र हुन सक्छ । पुरुषहरूले कृषिका लागि जमिन राम्रो बनाउन सक्छन् त्यसका लागि नेपाल सरकारले पहाडी अवस्थालाई सम्बोधन गर्नुपर्छ । इजरायलसँग भिरालो जमिनलाई समेत सजिलो बनाउन सबै प्रकारका नवीनताहरू छन् । यो नेपालको कृषि विकासका लागि राम्रो सहयोग हुन सक्छ ।

**इजरायली नवीनताले नेपालीमा जलवायु परिवर्तन, पानी सुरक्षा, नवप्रवर्तनमा कस्तो प्रकारको सम्बोधन गर्न सक्छ ?**

पक्कै पनि । इजरायलले सुरुदेखि नै जलवायु परिवर्तनजस्ता समस्याहरू, जस्तैः पानीको अभाव, कसरी समाधान गर्ने भनेर नवप्रवर्तन र सोच प्रयोग गर्दै आएको छ । हामीले उत्तरबाट दक्षिणको मरुभूमिमा पानी सार्‍यौं । दक्षिण फुलिरहेको छ । यो अझै हरियो छैन, तर यो झन्झन् फुल्दै गइरहेको छ । त्यसैले हामी देख्छौं, हामी समस्यालाई चुनौतीको रूपमा लिन्छौं । हामी यसको बारेमा सोच्दछौं र, हामी समाधानमा पुग्छौं । हामी जलवायु परिवर्तनका समस्याहरूलाई समाधान गर्न मिलेर काम गर्न सक्छौं । इजरायलको मरुभूमि क्षेत्रमा धेरै जमिन छ, तर नेपालसँग यहाँ सिँचाइ समर्थन बढी छ ।

**नेपाली पहाडी क्षेत्रमा इजरायली मरुभूमिमा प्रयोग गर्ने प्रविधि कसरी प्रयोग गर्ने ?**

इजरायलसँग मरुभूमिमात्र छैन । हामीसँग मरुभूमिमा ६० प्रतिशत जमिन छ, तर हामीसँग अन्य पक्षहरू छन्, जुन फरक छन् । त्यसैले प्रत्येक प्रकारको माटोका लागि, प्रत्येक प्रकारको जलवायु अवस्थाका लागि, हामी उत्तम प्रविधि समन्वय गर्छौं । जुन सबै ठाउँमा अपनाउन सक्छौं ।

**पछिल्लोपटक मध्यपूर्वले ठूलो सुरक्षा चुनौती भोगेको छ नि ?**

इजरायल शान्ति चाहन्छ, आफ्ना सबै छिमेकीहरूलाई शान्तिका लागि हात फैलाउँछ । हामी मध्यपूर्व र विश्वमा शान्ति चाहन्छौं । तर जब त्यहाँ सुरक्षा, इजरायली जनता र इजरायलमा रहेका अन्य मानिसहरूको जीवनमा खतरा हुन्छ, हामीले कदम चाल्नुपर्छ । हामी कुनै क्षेत्रको पनि लाभ चाहँदैनौं । हामी हाम्रो क्षेत्रमा शान्ति चाहन्छौं ।

**त्यही अशान्तिका कारण इजरायलमा ११ नेपाली युवाहरूले ज्यान गुमाउनुपर्‍यो नि त ?**

हो, हामीले एक दिन दुःख भोग्यौं, एक दिन जहाँ हामीले १२०० जना गुमायौं, जसमा ११ नेपाली, थाइल्याण्डका ३९ जना र अन्य धेरै थिए । यो कहिल्यै फर्कने छैन, कहिल्यै फर्कने छैन । त्यसबेला पाँच हजार विद्यार्थी नेपाल फर्किएका थिए । दुर्भाग्यवश, हामीले हार्‍यौं, नेपालले ११ जना विद्यार्थी गुमायो, तर हामी त्यसलाई पार गर्दै छौं । इजरायलले परिवार र घाइतेहरूलाई क्षतिपूर्ति दिन्छ । घाइतेमध्ये बाँचेका चार जनाले होभोटमा रहेको हिब्रु विश्वविद्यालयबाट कृषिमा दोस्रो डिग्रीका लागि छात्रवृत्ति पाएका छन् । त्यसैले हामी समस्याहरूलाई सम्बोधन गरिरहेका छौं, तर हामी सुरक्षित महसुस गर्छौं र मध्यपूर्वमा आफूलाई सुरक्षित राख्छौं ।

**इजरायलले वर्तमान क्षेत्रीय अवस्थालाई कसरी हेरिरहेको छ त ?**

यो सबै सुरक्षाको कुरा हो । यदि सुरक्षा व्यवस्था दिइयो भने शान्त हुने छ । हामी देख्छौं कि इरानले कुनै पनि उत्तेजनाविना अरब छिमेकी देशहरूमा युद्ध मच्चाइरहेको छ । तिनीहरूले कुवेत, कतार, बहराइन, ओमान, साउदी अरेबिया, इमिरेट्स सबैलाई त्रास उत्पन्न गरिरहेको छ । तिनीहरूले टर्कीमा पनि मिसाइल प्रहार गरिरहेका छन् । त्यसैले यो अस्थिरता निम्त्याउने शासन हो । तर यदि तिनीहरूबाट इजरायलमा खतरा छ भने हामीले ती खतराहरूको सामना गर्नुपर्छ । हामी तिनीहरूलाई आणविक कार्यक्रम र सटिक ब्यालिस्टिक मिसाइल कार्यक्रम विकास गर्न दिन सक्दैनौं र दिदैनौं ।

**तर केही देशहरूले इजरायलकै कारण अशान्ति भइरहेको आरोप लगाएका छन् नि ?**

होइन, इजरायल शान्ति चाहन्छ । यसको पहिले नै इजिप्टसँग शान्ति छ, जोर्डनसँग शान्ति छ, हाम्रा नजिकका छिमेकीहरूसँग हाम्रो सम्बन्ध राम्रो छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको पहलमा हामीसँग बहराइन, इमिरेट्स र मोरक्कोसँग सम्झौताहरू भएका छन् । हामी शान्ति चाहन्छौं । हामी यस क्षेत्रमा शान्ति र सहयोग चाहन्छौं । तर यस क्षेत्रमा गैरमुस्लिमहरूका केही असन्तुष्टि छन् । धेरैजसो इजरायलीहरू मुस्लिम छैनन् । तर हामीसँग २० प्रतिशत अरबीहरू छन्, जसमध्ये धेरैजसो मुस्लिम छन् । उनीहरूसँग समान अधिकार छ । उनीहरू संसद्का सदस्य छन् । उनीहरू सर्वोच्च अदालतका न्यायाधीश छन् । समानता छ । हामी इस्लामकोविरुद्धमा छैनौं । हामी अतिवादी इस्लामको विरुद्धमा छौं, जसले इजरायल क्षेत्र चाहँदैन । इजरायलीहरू शान्तिले बस्न चाहन्छन् । तर, प्यालेस्टिनीहरू र हमास इजरायल अस्तित्वमा हुनु हुँदैन भनेर हामीविरुद्ध लागेका छन्, इजरायलमाथि आक्रमण गर्ने तिनीहरूविरुद्ध इजरायल लडिरहेको छ । त्यसैले इजरायलको कारण अशान्ति भयो भन्ने आरोपमा कुनै सत्यता छैन ।



**लाल बैठक भवन** | भक्तपुर दरबारअन्तर्गत लाल बैठक भवनको छेकबार गरेर मर्मत गरिँदै । यो भवन तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाको बेलायत भ्रमणपछि निर्माण गरिएको मानिन्छ । *तस्बिरः रासस*

# 'मेसिन' मर्मत नहुँदा क्यान्सरका बिरामी भारत धाउन बाध्य

■ **युवराज पाण्डे**

**नेपालगञ्ज–** खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा करिब तीन महिनादेखि लिन्याक (लिनियर एक्सेलेरेटर) मेसिन बन्द हुँदा रेडियोथेरापी सेवा ठप्प भएको छ । सेवा अवरुद्ध भएपछि दैनिक उपचारका लागि आउने क्यान्सरका बिरामी भारतका विभिन्न अस्पताल धाउन बाध्य छन् ।

रेडियोथेरापी सेवा बन्द हुँदा पश्चिम नेपालका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका बिरामी सबैभन्दा बढी प्रभावित भएका छन् । अस्पतालमा दैनिक २५ भन्दा बढी बिरामीले रेडियोथेरापी सेवा लिँदै आएका थिए तर मेसिन बिग्रेपछि उनीहरू भारतका बहराइच, लखनउ, दिल्लीलगायतका अस्पतालमा उपचारका लागि जान बाध्य भएका छन् । सुशील कोइराला प्रखर क्यान्सर अस्पताल लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका लागि सरकारी क्यान्सर उपचार सेवा दिने प्रमुख केन्द्र हो ।

अस्पताल प्रशासनका अनुसार मेसिन मर्मत गर्ने प्राविधिक अस्पतालमा छैनन् । मेसिन आपूर्ति गर्ने कम्पनीले बाँकी भुक्तानी नपाएको भन्दै मर्मत गर्न अस्वीकार गरेपछि रेडियोथेरापी सेवा पुनः सञ्चालन अन्योलमा परेको हो ।

अस्पतालका अनुसार खरिद सम्झौतामा उल्लेख भएको एचएस कोड (एचएस कोड) र कन्ट्री अफ ओरिजिनभन्दा फरक विवरण भएको मेसिन आपूर्ति गरिएकाले सप्लायर्सको बाँकी भुक्तानी रोकिएको छ । भुक्तानी रोकिएपछि कम्पनीले मर्मतका लागि प्राविधिक नपठाएको अस्पताल प्रशासनको भनाइ छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराईले लिन्याक मेसिन सञ्चालनका विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग छलफल भइरहेको र समस्या समाधानका लागि मन्त्रालयमा पत्राचार गरिएको जानकारी दिए । मन्त्रालयबाट आवश्यक निर्णय भएपछि मेसिन पुनः सञ्चालनमा आउने विश्वास व्यक्त गर्दै उनले रेडियोथेरापी सेवा अवरुद्ध हुँदा बिरामीले भोग्नुपरेको समस्याबारे मन्त्रालयलाई जानकारी गराइसकिएको बताए ।

अस्पतालका सूचना अधिकारी डा. प्रविण गुप्ताका अनुसार मेसिन मर्मतका लागि आवश्यक प्राविधिक पठाइदिन मन्त्रालयसँग आग्रह गरिएको छ । उनले मन्त्रालयसँग रेडियोलोजी विभागका प्राविधिक जनशक्तिको समेत माग गरिएको र सकेसम्म छिटो सेवा पुनः सञ्चालन गर्ने प्रयास भइरहेको छ । अस्पतालमा २०७९ पुसमा ल्याइएको उक्त लिन्याक मेसिन खरिदसम्बन्धी विवादका कारण जडान भएको तीन महिनापछि मात्रै सञ्चालनमा आएको थियो । तत्कालीन निर्देशक डा. प्रकाशप्रसाद साहले भुक्तानीको आश्वासन दिएपछि सप्लायर्सले प्राविधिक पठाएर मेसिन सञ्चालनमा ल्याएको अस्पताल जनाइएको छ ।

तत्कालीन निर्देशक डा. भट्टराईको कार्यकालमा मन्त्रालयको आग्रहमा गठित छानबिन समितिले खरिद सम्झौता र भन्सार कागजातमा एचएस कोड तथा कन्ट्री अफ ओरिजिन फरक परेको स्वीकार गरेको थियो । समितिले मेसिनको गुणस्तर सञ्चालनपछि मात्रै मूल्यांकन गर्न सकिने उल्लेख गर्दै प्रतिवेदन मन्त्रालयमा बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा मेसिन सञ्चालनमा आए पनि एचएस कोड र कन्ट्री अफ ओरिजिनसम्बन्धी विषयमा मन्त्रालयबाट निर्णय नहुँदा बाँकी भुक्तानी रोकिएको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका अनुसार २७ करोड रूपैयाँभन्दा बढी मूल्यमा खरिद सम्झौता भएको उक्त मेसिनको ६० प्रतिशत रकम भुक्तानी भइसकेको छ भने आठ लाख छ हजार अमेरिकी डलर भुक्तानी गर्न बाँकी छ । *रासस*

# तुलसीपुर उपमहानगरले बनायो १५४ वटा कानुन

**दाङ–** तुलसीपुर उपमहानगरपालिकाले हालसम्म १५४ वटा विभिन्न कानुन निर्माण गरेको छ । विधान समितिका संयोजक भीमबहादुर कुँवर योगीका अनुसार २०७५ देखि २०८३ असारसम्म यी कानुन पारित भएका हुन् ।

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरको सेवा प्रवाहलाई व्यवस्थित, कानुनसम्मत र विश्वसनीय बनाउन यी कानुन निर्माण गरिएको संयोजक योगीले बताए । उनका अनुसार ८९ वटा कार्यविधि रहेका छन्, भने ४१ वटा ऐन र पाँच वटा नियमावली पारित गरिएका छन् । साथै उपमहानगरपालिकाले नौ वटा मापदण्ड, चार वटा निर्देशिका, तीन वटा कार्ययोजना र नीति, रणनीति तथा योजना/मार्गदर्शनतर्फ एक/एक वटा कानुन निर्माण गरी कार्यान्वयन गरेको उनले जानकारी दिए ।

विधान समितिले विधानको आवश्यकता पहिचान गर्ने, सरोकार भएका निकायसँग छलफल गर्ने र मस्यौदा निर्माण गरी कार्यपालिका तथा नगरसभाबाट स्वीकृत गराउने प्रक्रियालाई निरन्तरता दिँदै आएको संयोजक योगीले उल्लेख गरे । उनका अनुसार पछिल्लो समय २०८२ मा ढुंगा दर्ता तथा व्यवस्थापन, पशु सेवा कार्यक्रम सञ्चालन, घर बहाल कर व्यवस्थापन, लागत साझेदारी आयोजना सञ्चालनलगायत कार्यविधिहरू नगरसभाबाट पारित गरिएको छ ।

यसैगरी उपभोक्ता समिति गठन र वारुणयन्त्र व्यवस्थापनसम्बन्धी कार्यविधि पनि कार्यान्वयनमा आइसकेका छन् । स्थानीय सरकारको सेवालाई अझ बढी छिटो र प्रभावकारी बनाउन आर्थिक सहायता, सञ्चार, दूध उत्पादनमा आधारित अनुदान, खेलकुद विकास र तुलसीपुर बहुउद्देश्यीय कम्प्लेक्स भवन सञ्चालनलगायत थप पाँच वटा कानुन हाल मस्यौदा निर्माण र छलफलको चरणमा रहेका संयोजक योगीले जानकारी दिए । *रासस*

# परम्परागत सीपको संरक्षणमा जोड दिँदै हेटौँडा उपमहानगर

**बागमती (प्रस)–** हेटौँडा उपमहानगरपालिकाले परम्परागत सीप, कला र पेसाको संरक्षणमा जोड दिने भएको छ ।

उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा 'हातको सीपले जीविकामात्र होइन पुस्तौँदेखिको संस्कृतिलाई पनि जोगाउँछ' भन्ने भावलाई अंगीकार गर्दै विभिन्न समुदायको परम्परागत सीप, कला र पेसाको संरक्षण तथा सामग्री उत्पादन र बजारीकरणका लागि सहयोग र सहजीकरण गरिने उल्लेख गरेको छ ।

'उद्यमशील हातः समृद्धिको सुरुआत' नीतिअन्तर्गत नयाँ उद्यमीलाई प्रविधिमा सहयोग तथा सीपसम्बन्धी ज्ञान प्रदान गरिने नगरप्रमुख मीनाकुमारी लामाले बताइन् । गुन्द्रुक, मस्यौरा, ढाका, अबिर, केशरी, ड्रागन, मेवा, केराको रेसा, खुवा, काष्ठ ठेकीलगायतका उद्योगबाट हुने उत्पादनको लेबलिङ, ब्राण्डिङ तथा बजारीकरण गर्न सहयोग गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

विभिन्न संघसंस्थासँगको सहकार्यमा नवउद्यमी प्रवर्द्धन गर्न सीप विकास, व्यवसाय विस्तार र बजारीकरणमा उपमहानगरपालिकाले जोड दिएको छ । 'सशक्त महिला, समृद्ध समाज'मा जोड दिँदै महिला सशक्तीकरणका लागि महिलाका नाममा उत्पादनमूलक उद्योग व्यवसाय निःशुल्क दर्ता गर्ने व्यवस्था गरिने नगरप्रमुख लामाले बताइन् । कम्तीमा १५ व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिनेगरी नयाँ दर्ता हुने उद्यम व्यवसायलाई पहिलो वर्ष व्यवसाय करमा सतप्रतिशत छुट दिने उपमहानगरको योजना छ ।

'स्थानीय उत्पादन र उद्यमीको भर, हेटौँडा उपमहानगरपालिकाको कोसेली घर' भन्ने नीतिअनुरूप विभिन्न उद्यमी समूहबाट उत्पादन भएका सामग्रीको प्रदर्शन तथा बिक्रीको व्यवस्थाका लागि हेटौँडा उपमहानगरपालिका-१० मा सञ्चालनमा रहेको कोसेली घर चालु आवमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने नगरप्रमुख लामाले बताइन् । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमसँगको सहकार्यमा एक वडा एक उद्यम कार्यक्रमलाई निरन्तरता दिई थप वडामा विस्तार गरिने उनले बताइन् ।

# जीर्ण बाँधले रौतहटका बस्ती बाढीको जोखिममा

**चन्द्रपुर (रौतहट)–** रौतहट भएर बग्ने बागमती र बकैया नदीको दुवै किनारमा लगाइएको बाँध जीर्ण हुँदा सो क्षेत्रका बासिन्दा बाढीको जोखिममा परेका छन् । दुवै नदीको बाँध जीर्ण भएपछि फुटेर पसेको बाढीले बर्सेनि गौर सदरमुकामलगायत दर्जनौं बस्ती डुबानमा पर्दै आएका छन् भने करोडौं मूल्यबराबरको धनजन तथा बालीनाली क्षति हुँदै आएको छ ।

केही दिनअघिको वर्षाका कारण बकैया नदीको बाँध फुटेर राजपुर नगरपालिका-४ मा बाढी पसेपछि जनजीवन प्रभावित भएको थियो । बकैया नदीको बाँध फुट्दा रौतहटका आधा दर्जनभन्दा बढी नगरपालिका प्रभावित हुने कटहरियाका स्थानीय प्रकाश श्रेष्ठले जानकारी दिए ।

बाँध फुट्दा रौतहटका कटहरिया, देवाही गोनाही, मौलापुर, ईशनाथ, राजपुर तथा गौर नगरपालिकाका नागरिक प्रभावित हुने श्रेष्ठले बताए । बाढी पस्दा बाँध छेउमा बसोबास गर्दै आएका नागरिक बढी प्रभावित हुने उनको भनाइ छ । 'जबसम्म नदीको बाँध बलियो बन्दैन, तबसम्म बर्सेनि बाढीले यस भेगका नागरिकको धनजनमा क्षति पुर्‍याइरहन्छ,' श्रेष्ठले भने ।



बागमती नदीको बाँध कमजोर हुँदा आधा दर्जन पालिकाका नागरिक प्रभावित हुँदै आएका छन् । रौतहटका दुर्गाभगवती गाउँपालिका, गढीमाई, माधवनारायण, राजदेवी र गौर नगरपालिकाका बाँध छेउका बस्ती डुबानमा पर्ने गरेको दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले जानकारी दिए । गत वर्ष पनि बागमती नदीमा आएको बाढीले करोडौं मूल्यबराबरको धानबाली नष्ट गरेको अध्यक्ष सिंहको भनाइ छ । बागमती नदीको बाँध बलियो नहुँदा धेरै नागरिकले सास्ती खेप्नुपरेको छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालसहितको सुरक्षा अधिकारीको टोलीले बिहीबार बागमती र लालबकैया नदीमा जलस्तर बढ्न थालेपछि सम्भावित बाढी जोखिमलाई मध्यनजर गर्दै नदी नियन्त्रण बाँध तथा निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण गरेको छ । निरीक्षणपछि प्रमुख जिल्ला अधिकारी भुसालले सम्बन्धित निकायलाई क्षतिग्रस्त भागको तत्काल मर्मत तथा आवश्यक संरक्षणका काम अघि बढाउन निर्देशन दिएका छन् ।

अनुगमनका क्रममा राजदेवी नगरपालिका-३ स्थित बागमती नदीको बाँधमा वर्षा र नदी कटानका कारण सामान्य क्षति पुगेको पाइएको प्रजिअ भुसालले जानकारी दिए । प्रजिअ भुसाल नेतृत्वको टोलीले परोहा नगरपालिका-३ तेजापाकडस्थित लालबकैया नदीमा निर्माणाधीन स्पर (कटान नियन्त्रण संरचना) कोसमेत निरीक्षण गरेको छ । निरीक्षणका क्रममा निर्माणको प्रगति, बाँधको अवस्था तथा सम्भावित जोखिमबारे सम्बन्धित प्राविधिक तथा सरोकारवालासँग जानकारी लिइएको थियो ।

वर्षायाममा बाढी तथा नदी कटानबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि संवेदनशील क्षेत्रको नियमित अनुगमन, आवश्यक मर्मत तथा पूर्वतयारीलाई तीव्र बनाइएको उनले बताए । उनले नदी तटीय क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन तथा कुनै पनि विपद्सम्बन्धी सूचना तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेका थिए ।

नारायण दल गणका गणपति विश्वास विष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुमार बुढाथोकीसहितको टोलीले दुवै नदीका बाँधको निरीक्षण गरेको थियो । *रासस*

# झापामा विपद्का घटनामा २२ करोडभन्दा बढीको क्षति

**भद्रपुर (झापा)–** झापामा गत आर्थिक वर्षमा प्राकृतिक विपद्का घटनामा ११ जनाको मृत्यु भएको छ भने २२ करोड ७४ लाख ६० हजार रूपैयाँबराबरको क्षति भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रञ्जन अवाका अनुसार उक्त अवधिमा जिल्लामा ३५९ वटा विपद्का घटना अभिलेख भएका थिए । ती घटनामा ३७ जना घाइते भएका थिए । उक्त अवधिमा १५६ वटा आगलागीका घटना भएका, जंगली हात्ती र वन्यजन्तुको आक्रमणका ९४, हुरीका ५२, बाढी तथा डुबानका ३५ र चटयाङका २२ वटा घटना थिए ।

विपद्का कारण आगलागीमा दुई जना, जंगली जनावरको आक्रमणबाट छ जना, हुरीमा एक जना र चटयाङ लागेर दुई जनाको मृत्यु भएको हो । प्राकृतिक विपद्का विभिन्न घटनामा आठ हजार ९१४ वटा चौपाया तथा पशुपन्छी मरे भने हुरीबाट तीन हजार २० र आगलागीबाट पाँच हजार ६६२ पशुपन्छी हताहत भएका थिए ।

आगलागीबाट १५ करोड २२ लाख रूपैयाँभन्दा बढी र बाढी तथा डुबानबाट छ करोड ३४ लाख रूपैयाँबराबरको क्षति भएको सूचना अधिकारी अवालेले बताए । *रासस*


**मलेसियामा रोजगार** कम्पनी : ZEITO PLASTIC COMPONENTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०8 | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/04/0१ | LT. No. 340642 | चलानी नं. ६०२५४०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 1 | 1 | 1700 | ६३,८९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ११ गते (27th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL HAYA — श्रम इजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

**कतारमा रोजगार** कम्पनी : NEW ARHAMZ CONTRACTING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/03 | LT. No. 336237 | चलानी नं. ६०२४९८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | 1200 | ५०,५५० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | 1200 | ५०,५५० | | | | | | | |
| 3. | Engineer - Electrical | 3 | 0 | 4200 | १७६,९२० | | | | | | | |
| 4. | Gen. Plumber | 2 | 0 | 1200 | ५०,५५० | | | | | | | |
| 5. | Labour | 5 | 0 | 1000 | ४२,१२५ | | | | | | | |
| 6. | Plumber | 5 | 0 | 1200 | ५०,५५० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ११ गते (27th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD — LIC 537/061/62

Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

**MAURITIUS मा रोजगार** कम्पनी : JIANGXI CONSTRUCTION INTERNATIOAL ENGINERING CO LTD

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/04/03 | LT. No. 326735 | चलानी नं. ६०२४०८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 9 | 0 | 22300 | ७२,८३५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 52 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 3 | Electrician. | 4 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 4 | Heavy Drivers | 7 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 5 | Masons | 42 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 6 | Mechanics | 2 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 7 | Operators | 4 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 8 | Plumber | 4 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 9 | Scaffolder | 9 | 0 | 22300 | ७२,८३५ | | | | | | | |
| 10 | Welder | 1 | 0 | 22300 | ७२,८३५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ११ गते (27th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.

Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

Govt. License 852/066/067

**जापानमा रोजगार** कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345066 | चलानी नं. ६०२५८४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 192236 | १,८२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

Requirements: N5 NAT or JLPT mandatory. Candidates must be studying N4 or cleared N4

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ११ गते (27th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.

श्रम ईजाजत नं. १४४/०५६/०५७

Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209, Cell : +977 970-6979348
E-mail :info@dninepal.com,Website:www.dninepal.com

प्रभाव दैनिक




## 'जदौ' को शीर्ष गीत 'जदौ हजुरमा' सार्वजनिक

चलचित्र 'जदौ' को शीर्ष गीत 'जदौ हजुरमा' सार्वजनिक गरिएको छ। हाइटेक इन्टरटेन्मेन्ट युट्युबमार्फत दर्शकमाझ ल्याइएको डान्सिङ बिटको गीतमा राजनराज शिवाकोटी र रचना रिमालको स्वर छ। बाबुल गिरीको शब्द र संगीतमा रहेको गीतमा नीति शाह,प्रभातपाल ठकुरी,राजश्री थापालगायतका प्रमुख कलाकार फिचर छन्। गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन्। अन्जन शर्मा र काजी लिम्बुको संयुक्त निर्देशनमा बनेको फिल्म ९ असोजमा देशव्यापी प्रदर्शनमा आउने छ।



सोमबार, ०४ साउन २०८३ (Monday, 20 July 2026)

# चलचित्र 'बम्पर चिट्ठा' निर्माण घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र उद्योगमा अन्तर्राष्ट्रिय दृष्टिकोणसहित अर्को महत्वाकांक्षी परियोजनाको घोषणा गरिएको छ। स्याडो पिक्चर्सको ब्यानरमा निर्माण हुने 'बम्पर चिट्ठा' को थिम पोस्टर सार्वजनिक गर्दै औपचारिक रूपमा निर्माण घोषणा गरिएको हो। चलचित्रलाई निर्देशक बिक्की महर्जनले निर्देशन गर्नेछन् भने अमित अग्रहरि र निशा गुइदे निर्माता रहेका छन्।

नेपाली मौलिक कथा, संस्कृति र समकालीन मनोरञ्जनलाई विश्वसामु प्रस्तुत गर्ने उद्देश्यका साथ यो चलचित्र निर्माण गर्न लागिएको निर्माण टिमले जनाएको छ।

सार्वजनिक गरिएको थिम पोस्टरले नेपालको सांस्कृतिक सम्पदा र रहस्यमय वातावरणको झल्को दिन्छ। प्राचीन मन्दिरको शिखरबाट तलको चहलपहल नियालिरहेको दृश्यले कथाप्रति उत्सुकता जगाउने प्रयास गरेको छ। पोस्टरले चलचित्रको कथावस्तुबारे धेरै कुरा खुलाएको छैन, तर नेपाली समाज, संस्कृति र मानवीय सम्बन्धलाई रोचक शैलीमा प्रस्तुत गरिने संकेत भने स्पष्ट रूपमा दिएको छ।

चलचित्र नेपाली, हिन्दी, तेलुगु र फ्रेन्च गरी चार भाषामा निर्माण हुनेछ र विश्वव्यापी रूपमा अमेजन प्राइम भिडियो मार्फत प्रदर्शन गरिनेछ। यसमार्फत चलचित्र २४० भन्दा बढी देशमा रहेका दर्शकमाझ पुग्ने विश्वास निर्माण टिमको छ।

नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा थप मजबुत रूपमा स्थापित गर्ने दिशामा यो परियोजना महत्वपूर्ण कदम हुने अपेक्षा गरिएको छ।

चलचित्रको कथा निर्देशक महर्जन स्वयंले लेखेका हुन्। कलाकार तथा अन्य प्राविधिक टोलीबारे विस्तृत जानकारी भने आगामी चरणमा सार्वजनिक गरिने निर्माण पक्षले जनाएको छ।

यसैबीच, यही टिमले निर्माण गरेको चलचित्र 'आउट ल' आगामी सेप्टेम्बरमा अमेजन प्राइम भिडियो मार्फत विश्वव्यापी रूपमा रिलिज हुँदैछ। 'आउट ल'को प्रदर्शनपछि 'बम्पर चिट्ठा' निर्माणको काम तीव्र गतिमा अघि बढाइने निर्माण टिमले जानकारी दिएको छ। 'बम्पर चिट्ठा' केवल एउटा कमेडी चलचित्र मात्र नभई नेपाली चलचित्रलाई विश्व बजारमा थप सशक्त रूपमा स्थापित गर्ने लक्ष्य बोकेको महत्वाकांक्षी परियोजनाका रूपमा हेरिएको छ।

# डा. मल्लको दोश्रो कृति 'सपना सकार हुन्छन्' बजारमा

■ प्रभाव संवाददाता




**काठमाडौं –** डा. बुद्धि मल्लद्वारा लिखित दोश्रो पुस्तक 'सपना सकार हुन्छन्' बजारमा आएको छ। यसअघि 'सफलता सम्भव छ' नामक पुस्तक बजारमा ल्याईसकेका लेखक डा. मल्लले अहिले 'सपना साकार हुन्छन्' पुस्तक ल्याएका हुन्। नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा उक्त पुस्तक सार्वजनिक गरिएको हो।

उक्त पुस्तक विमोचन कार्यक्रम शिखा बुक्सका अध्यक्ष पुष्पराज पौडेलको अध्यक्षता र नेपाल व्यवस्थापन संघका अध्यक्ष डा.हेमा अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा बरिष्ठ पत्रकार तथा लेखक रोहित भण्डारी र मोटिभेटर एवं लेखक तुलसी निरौलाले पुस्तकमाथि समिक्षा गरेका थिए।

सो पुस्तकमा सानो सोच्ने जोखिमबाट बच्छ, ठुलो सोंच्ने ईतिहास रच्छ, सँधैभरी विद्यार्थी, प्रतिकूलता परिक्षा हो, आंशु पुछ्ने हात नै महान् हुन्छन्, कोमल ओठबाट बाणजस्तो शब्द ननिकाल्नु, सफल दाम्पत्यको लागि मनको कुरा बुझ्नुपर्छ, नेतृत्वका प्रकार : असल, खराब र कुरूप, अवसरलाई नचिन्ने संधै बन्छ खिन्न, समस्या समाधानमा फाईभ ह्वाई सिद्धान्त जस्ता बिभिन्न शिर्षकहरूमा ४९ वटा सन्देशमुलक लेखहरू संग्लग्न छन्।

बैंकर समेत रहेका लेखक मल्लको अघिल्लो पुस्तक 'सफलता सम्भव छ' मा समावेश गरिएका लेखकहरूको सार समेत समावेश गरिएकोले पुस्तक सबै बर्गहरूको लागि उपयोगी भएको बक्ताहरूले बताएका थिए।

पूर्व संचारकर्मी तथा बैंकर कल्पना मल्लले सञ्चालन गरेको उक्त कार्यक्रममा पुस्तक नेपालभर विभिन्न पुस्तक पसलमा उपलब्ध हुनुको साथै दराज, पुस्तक घर अनलाईनबाट र शिखा बुक्स मार्फत प्राप्त गर्न सकिने जनाइएको थियो।

पुस्तकले मानिसहरूमा केहि हदसम्म नकारात्मकता हटाउन र आशा बढाउन, म सक्दिन कि भनेर अन्यौलमा रुमलिइरहेकाहरूमा म गर्न सक्छु भन्ने भावना जागृत गराउन सहयोगी बन्न सक्ने लेखक डा. मल्लले विश्वास लिएका छन्।

## रंगशाला




# फ्रान्सलाई ६-४ ले हराउँदै इङ्ल्याण्ड तेस्रो




■ प्रभाव संवाददाता

**काठमाडौं –** इङ्ल्यान्डले फिफा विश्वकप २०२६ मा कांस्य पदक हासिल गरेको छ। शनिबार सम्पन्न तेस्रो स्थानको प्ले-अफमा इङ्ल्यान्डले फ्रान्समाथि ६-४ को रोमाञ्चक जित हासिल गरेको हो।

शनिबार मध्यराति मायामी रंगशालामा फ्रेन्च कप्तान किलियन एमबाप्पेका लागि विशेष दिन रह्यो। तर, उनले आफ्नो टोलीलाई लगातार तेस्रो संस्करण पदक भने दिलाउन सकेनन्। दुईपटक स्कोरसीटमा नाम लेखाएका एमबाप्पेले विश्वकप २०२६ को उच्च गोलकर्ताको दौडमा अर्जेन्टिनाका कप्तान लियोनल मेसीलाई उछिनेका छन्। एमबाप्पेको गोलसंख्या १० पुगेको छ। जुन मेसीभन्दा दुई गोल बढी हो।

योसँगै एमबाप्पे विश्वकप इतिहासकै सर्वाधिक गोलकर्ता पनि बनेका छन्। तीन संस्करणमा उनले कूल २२ गोल गरेका छन्। यो ऐतिहासिक उपलब्धि पनि एमबाप्पेले मेसीलाई उछिनेर नै बनाएका हुन्। मेसीले कूल २१ गोल गरेका छन्।

इङ्ल्यान्डको जितमा विंगर बुकायो साकाले ह्याट्रिक गरे। त्यस्तै डेक्लन राइस, एज्री कोन्सा र जुद बेलिङ्गमको नाममा समान एक गोल रह्यो। टोलीले पहिलो हाफमा ४-० को अप्रत्याशित अग्रता लिएको थियो। फ्रान्सका लागि एमबाप्पेबाहेक बेन्चबाट सुरुआत गरेका ब्राड्ली बार्कोला र ओसामान डेम्बेलेले गोल गरे।

एसीसी वुमन्स यू-१९ प्रिमिय कप

# इन्डोनेसियालाई हराउँदै नेपाल तेस्रो

■ प्रभाव संवाददाता




**काठमाडौं–** एसीसी वुमन्स यू-१९ प्रिमियर कपमा नेपाल तेस्रो बनेको छ। शनिबार इन्डोनेसियालाई ९ विकेटले हराउँदै नेपाल प्रतियोगिताको तेस्रो बनेको हो। इन्डोनेसियाले दिएको ६९ रनको लक्ष्य नेपालले मात्र १ विकेट गुमाएर पुरा गर्यो। सना प्रविनले २५ र करुना विष्टले १६ रन बनाएको ईनिङ्समा सावित्री धामीले २४ रनको योगदान दिएकी थिईन्।

सुरुवाती ब्याटिङ गरेको इन्डोनेसियालाई सस्तैमा रोक्न मनिषा उपाध्यायले ४ तथा अनु कठायतले २ विकेट लिएकी थिईन्। रिचा चौधरी, तिर्सना विश्वकर्मा र सोनी पाखिनले समान एक एक विकेट लिएका थिए। नेपाल सेमिफाइनलमा यूएईसँग पराजित भएपछि फाइनल पुग्न असफल भएको थियो।

# एनभीएलका मार्की खेलाडी घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं –** नेपाल भलिबल लिग (एनभीएल)मा सहभागी हुने ६ फ्रेन्चाइज टोलीका मार्की खेलाडी शुक्रबार घोषणा गरिएको छ।

सगरमाथा स्म्यासर्समा हरिहजुर थापा, मधेश वारियर्समा रविन नगरकोटी, काठमाडौं रेड्समा सुनिल बोहरा, अन्नपूर्ण स्पाइकर किङ्समा हिमाल सुनारी र कर्णाली शिवराजमा पहल गहतराज र खप्तड फाल्कन्समा धिरोज बस्नेत मार्की खेलाडीका रूपमा अनुबन्ध भएका छन्।

यसअघि एनभीएलको पहिलो संसकरणमा सहभागी हुने ६ फ्रेन्नचाइज टोलीसहित टिम मालिक, टिम लोगो, नारा, फ्रेन्चाइज टोलीका मुख्य प्रशिक्षक र सहायक प्रशिक्षक सार्वजनिक भइसकेको छ। त्यस्तै टिकेटिङ पार्टनरमा आईएमइ खल्ती लिमिटेड र ब्रोडकास्टिङ पार्टनरमा कान्तिपुर टेलिभिजनसंग सम्झौता भएको छ।

केडिया ग्रुपको आयोजनामा 'उचाईको नयाँ उडान' नारा साथ नेपालमै पहिलोपटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज लिग त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को बहुद्देश्यीय कभर्डहलमा भदौ १२ देखि २० गतेसम्म हुँनेछ।

# संयोग र योंगीको एसियाड तयारी कोरियामा हुने

■ प्रभाव संवाददाता




**काठमाडौं –** संयोग कपाली र योङ्गी पौडेलले एसियाली खेलकुदको तयारी दक्षिण कोरियामा गर्ने भएका छन्।

जापानको आइची-नागोयामा हुने २० औं एसियाली खेलकुदको वैदेशिक प्रशिक्षणका लागि टेबलटेनिस खेलाडी संयोग र योङ्गी शनिबार दक्षिण कोरियाको सिओल प्रस्थान गरेका छन्। दुवै खेलाडी राष्ट्रिय च्याम्पियन हुन्।

उनीहरू जुलाई १८ देखि अगस्ट १८ तारिखसम्म सिओलस्थित डोक्सान हाई स्कुलमा सञ्चालन हुने एक महिने विशेष प्रशिक्षणमा सहभागी हुने अखिल नेपाल टेबल टेनिस संघका कोषाध्यक्ष ज्याकी महर्जनले जनाएका छन्।

कोषाध्यक्ष महर्जनका अनुसार सन् १९८८ को सिओल ओलम्पिककी स्वर्ण पदक विजेता याङ यङ्जाको निमन्त्रणामा खेलाडी प्रशिक्षणमा सहभागी हुन लागेका हुन्।

प्रशिक्षण अवधिमा खेलाडीले दक्षिण कोरियाका उत्कृष्ट खेलाडीसँग नियमित अभ्यास गर्ने अवसर प्राप्त गर्नुका साथै दक्षिण कोरियाका राष्ट्रिय टेबलटेनिस टोलीका खेलाडी तथा प्रशिक्षकहरूसँग भेटघाट गर्ने, उनीहरूको प्रशिक्षण सत्रको अवलोकन गर्ने तथा अनुभव आदानप्रदान गर्ने अवसर समेत पाउने बताइएको छ।

उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठ र कोषाध्यक्ष महर्जनले सफल प्रशिक्षण तथा आगामी एसियाली खेलकुदमा उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिदै बिदाइ गरे।

एसियाडका लागि टेबलटेनिसबाट यि दुई खेलाडीसहित ६ खेलाडी छनोट भएका छन्। बाँकी खेलाडीलाई पनि प्रशिक्षणमा लैजान पहल भइरहेको कोषाध्यक्ष महर्जनले जानकारी दिए।



पाकिस्तानको लाहोरमा बिहानै गर्मीको लहर चलिरहेको बेला बस स्टेसनमा पार्किङ गरिराखिएको बसको छतमा सुतिरहेका बस चालकहरू ।
*तस्बिरः सिन्हवा*

# स्टार्मरको उत्तराधिकारी बर्नहमसामु बेलायत सुधारको कठिन कार्यभार

**लण्डन–** एण्डी बर्नहम सोमबार (आज) बेलायतको प्रधानमन्त्रीका रूपमा 'टेन डाउनिङ स्ट्रिट' प्रवेश गर्दै छन् । उत्साहकाबीच प्रधानमन्त्री पद सम्हाल्न लागेका बर्नहमसामु भने अर्थतन्त्र सुधारदेखि सार्वजनिक सेवा व्यवस्थापन र अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलनसम्मका चुनौती रहेका छन् ।



गत महिना भएको विशेष निर्वाचनमार्फत संसद्मा फर्किएका बर्नहमले यसअघि उत्तर-पश्चिम इंल्याण्डको ग्रेटर म्यानचेस्टर क्षेत्रको नेतृत्व गर्दै अधिकांश समय बिताएका थिए । अब उनले करिब सात करोड जनसंख्या भएको मुलुकको सरकार सञ्चालन गर्नुपर्ने छ ।

बर्नहमको कार्यकाल छोटो वा चुनौतीपूर्ण हुन सक्ने अनुमान गरिएको छ, किनकि उनले आफ्ना पूर्ववर्ती किअर स्टार्मरले सामना गर्नुपरेका जीवनयापन लागतको संकट, दबाबमा रहेका सार्वजनिक सेवा र कमजोर आर्थिक वृद्धिलगायतका समस्या समाधान गर्नुपर्ने छ ।

### अर्थतन्त्र र अधिकार विकेन्द्रीकरण

प्रधानमन्त्रीका रूपमा बर्नहमले सुस्त अर्थतन्त्रलाई गति दिने, सार्वजनिक सेवा सुधार गर्ने र जनताको जीवनस्तर उकास्ने प्रतिबद्धता जनाएका छन् । लेबर पार्टीको नेता चयन भएपछि शुक्रबार उनले बेलायतको राजनीतिमा परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै जीवनयापन सहज बनाउने र सबै क्षेत्रको विकास गर्ने लक्ष्य रहेको बताएका थिए ।

यद्यपि, इरान युद्धका कारण विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता र बढ्दो मुद्रास्फीतिका कारण बेलायतको आर्थिक वृद्धिमा दबाब परेको छ । बर्नहमले सरकारी अधिकार स्थानीय तहमा हस्तान्तरण गर्ने, स्थानीय सरकारलाई थप स्रोत उपलब्ध गराउने र यातायात, आवास तथा पूर्वाधार क्षेत्रमा सार्वजनिक-निजी लगानी बढाउने योजना अघि सारेका छन् ।

उनले अघि सारेको 'म्यानचेस्टरिज्म' अवधारणाअन्तर्गत निजी र सार्वजनिक क्षेत्रको सहकार्यबाट क्षेत्रीय विकास गर्ने लक्ष्य राखिएको छ । तर यसलाई पूर्णरूपमा कार्यान्वयन गर्न समय लाग्ने विश्लेषकको भनाइ छ । सार्वजनिक वित्तको सीमितताका कारण बर्नहमसँग सरकारी खर्च विस्तार गर्ने अवसर भने सीमित रहने छ । उनले आवश्यक परेमा धनी वर्गबाट थप योगदान लिन सकिने संकेत दिएका छन् ।

### विदेश नीति र ट्रम्पसँगको सम्बन्ध

विदेश नीतिमा अनुभव सीमित भए पनि बर्नहमले नेटोप्रतिको प्रतिबद्धता र बेलायतको आणविक प्रतिरक्षा क्षमता कायम राख्ने बताएका छन् । उनले बेलायत युक्रेनको बलियो समर्थक र अमेरिकाको निकट सहयोगी रहने स्पष्ट पारेका छन् । तर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्बन्ध व्यवस्थापन उनका लागि चुनौतीपूर्ण हुन सक्ने बताइएको छ ।

ट्रम्पले यसअघि स्टार्मरको प्रशंसा गरे पनि इरान युद्धमा बेलायतको भूमिकालाई लिएर उनीहरूबीच मतभेद देखिएको थियो । बर्नहमले विगतमा ट्रम्पको आलोचना गरेको भए पनि आवश्यक विषयमा असहमति राख्दै सम्मानजनक सम्बन्ध कायम गर्ने बताएका छन् । नेटो सदस्य राष्ट्रलाई रक्षा खर्च बढाउन दबाब दिँदै आएका ट्रम्पका कारण बेलायतमाथि पनि थप रक्षा खर्चको दबाब बढ्न सक्ने देखिएको छ ।

### गाजा युद्ध र मध्यपूर्व नीति

गाजा युद्धबारे बर्नहमको धारणा पनि संवेदनशील विषय बन्न सक्ने छ । उनले सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणको निन्दा गरेको छ भने गाजामा जारी युद्धका विषयमा बेलायत सरकारले युद्धविरामको आह्वान गर्न ढिलाइ गरेको आलोचना गरेको थियो ।

उनले गाजामा हिंसा र अवैध बस्ती निर्माणमा संलग्न इजरायली पक्षमाथि थप प्रतिबन्ध लगाउने सम्भावनाबारे पनि चर्चा गरेको छ । यो विषय लेबर पार्टीका लागि संवेदनशील मानिन्छ, किनकि पार्टीले एकातिर यहूदी समुदायसँगको सम्बन्ध कायम राख्नुपर्ने छ भने अर्कोतर्फ ठूलो मुस्लिम समुदायको समर्थन पनि आवश्यक छ ।

### आप्रवासनको चुनौती

बेलायतमा आप्रवासन पनि बर्नहमका लागि प्रमुख चुनौती बन्ने छ । पछिल्ला निर्वाचनमा आप्रवासन विरोधी धारणा बलियो बन्दै गएको छ । विशेषगरी अंग्रेजी च्यानल पार गरेर आउने आप्रवासीको विषयले राजनीतिक बहसलाई प्रभावित गरेको छ ।

बर्नहमले लेबर पार्टीको वर्तमान नीतिलाई निरन्तरता दिँदै आप्रवासन नियन्त्रण गर्ने, अवैध प्रवेश घटाउने र सुरक्षित तथा कानुनी मार्गलाई प्राथमिकता दिने बताएका छन् । उनले बेलायतमा शुद्ध आप्रवासन घटाउने र अनियमित रूपमा हुने प्रवेश नियन्त्रण गर्ने नीतिलाई समर्थन गरेको छ ।

यसरी, बर्नहमले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा घरेलु आर्थिक समस्या, सार्वजनिक सेवा सुधार, अन्तर्राष्ट्रिय सम्बन्ध र आप्रवासन व्यवस्थापनजस्ता जटिल विषयमा तत्काल निर्णय लिनुपर्ने अवस्था रहेको छ । *रासस/एपी*

# इण्डोनेसियामा डुबेको डुंगाका पाँच यात्रुको तीन दिनपछि समुद्रबाट जीवित उद्धार

**जाकार्ता–** पूर्वी इण्डोनेसियाको समुद्रमा डुबेको यात्रुवाहक डुंगाका पाँच यात्रुलाई तीन दिनसम्म समुद्रमा तैरिएपछि जीवितै उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये सात वर्षीया बालिकासमेत रहेको उद्धार अधिकारीले आइतबार जानकारी दिएका छन् ।



७० जनाभन्दा बढी यात्रु बोकेको उक्त डुंगा बुधबार सुलावेसी टापुको दक्षिणमा रहेको सेलायार टापु नजिकै डुबेको थियो । उद्धार गरिएका यात्रुले आफूहरू सुरुमा हराइरहेको भनिएको २५ जनाको समूहमा रहेको बताएका छन् । तर तीव्र हावाका कारण उनीहरू अन्य यात्रुबाट छुट्टिएका थिए ।

स्थानीय खोज तथा उद्धार अधिकारी मुहम्मद आरिफ अनवरकाअनुसार डुंगा डुबेपछि उनीहरूले तैरिन सकिने सामग्रीको सहायताले आफूलाई बचाएका थिए । 'उनीहरूले प्लास्टिकका ठूला डिब्बा (जेरी क्यान) र कर्कका टुक्रालाई डोरीले बाँधेर अस्थायी तैरिने साधन बनाए र त्यसैमा बसे,' उनले एएफपीलाई बताए ।

शनिबार दिउँसो स्थानीय माछा मार्नेहरूले उनीहरूलाई उद्धार गरी रेडियोमार्फत अधिकारीलाई जानकारी गराएका थिए । धेरै दिनसम्म पर्याप्त खाना र पानीविना समुद्रमा रहनुपरेकाले उनीहरू कमजोर र थकित अवस्थामा भेटिएका थिए । यद्यपि, इन्स्टचान्ट चाउचाउ र बिस्कुट खाएर आफूलाई जीवित राख्न सफल भएको आरिफले बताए ।

हराइरहेका अन्य यात्रुको खोजी जारी रहेको छ । खोजी अभियानमा पाँचवटा ठूला जहाज, एउटा निगरानी विमान र एउटा हेलिकप्टर परिचालन गरिएको छ । उद्धार अधिकारीका अनुसार डुंगाको आधिकारिक यात्रु सूचीमा ५० जनाको नाम भए पनि थप अनुसन्धानपछि डुंगामा ७८ जना सवार रहेको खुलेको छ ।

इण्डोनेसियामा डुंगाको आधिकारिक यात्रु विवरण र वास्तविक यात्रुको संख्याबीच फरक पर्नु सामान्य मानिन्छ । कमजोर सुरक्षा मापदण्ड र खराब मौसमका कारण यहाँ जलयात्रासम्बन्धी दुर्घटना भइरहन्छन् । यसअघि जनवरीमा पूर्वी इण्डोनेसियाको समुद्रमा डुंगा दुर्घटना हुँदा तीन जना स्पेनी पर्यटकको मृत्यु भएको थियो भने एक बालक बेपत्ता भएका थिए । *रासस/एएफपी*

# अमेरिकी शान्ति प्रयास 'भाषणबाजी' मात्र भएको इरानी राजदूतको टिप्पणी

**इस्लामाबाद–** पाकिस्तानका लागि इरानी राजदूत रेजा अमिरि मोघादामले अमेरिकाको शान्तिप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाउँदै कूटनीतिक सम्झौता कार्यान्वयन गर्ने वासिङ्टनको इच्छाशक्तिमा कमी रहेको आरोप लगाएका छन् । उनले अमेरिकी शान्ति प्रयास व्यवहारमा नभई केवल भाषणमा सीमित रहेको टिप्पणी गरे ।

समाजिक सञ्जाल 'एक्स'मा गरिएका शृंखलाबद्ध पोस्टमार्फत राजदूत मोघादामले अमेरिकी पक्षले कूटनीतिक प्रतिबद्धता पूरा गर्ने इच्छा वा नियत नदेखाएको आरोप लगाए । 'समझदारीपत्र (एमओयू) उल्लंघन गर्न अमेरिकी पक्षले ६० दिन पनि कुर्न नचाहनुले कुनै पनि सम्झौता सफल बनाउन आवश्यक गम्भीरता, दृढता, इच्छाशक्ति र नियतको अभाव देखाउँछ,' उनले लेखेका छन् ।

मोघादामले अमेरिकालाई शान्ति र स्थिरताको वास्ता नगरेको आरोप लगाउँदै उसका शान्तिसम्बन्धी आह्वान केवल भाषणबाजीमा सीमित भएको दाबी गरे । राजदूतले वासिङ्टनको वास्तविक उद्देश्य सम्झौता गर्नु नभई कुनै पनि माध्यमबाट अस्थिरता सिर्जना गर्नु रहेको आरोप लगाए ।

इरानप्रति अमेरिकाको विगतको नीतिको चर्चा गर्दै मोघादामले राष्ट्रपति डोनाल्ड ट्रम्पले समकालीन कूटनीतिक इतिहासका दुई महत्त्वपूर्ण उपलब्धि नष्ट गरेको बताए । उनले सन् २०१५ को इरान आणविक सम्झौताबाट अमेरिकाको बहिर्गमन र पाकिस्तानको मध्यस्थतामा भएको समझदारीपत्र कार्यान्वयनसम्बन्धी विवादलाई उदाहरणका रूपमा प्रस्तुत गरे ।

पाकिस्तानको मध्यस्थतामा भएको उक्त समझदारीपत्रको कार्यान्वयनलाई लिएर पुनः तनाव बढिरहेका बेला इरानी राजदूतको यस्तो भनाइ आएको हो । यस विषयमा अमेरिकी पक्षले भने हालसम्म कुनै सार्वजनिक प्रतिक्रिया दिएको छैन । *रासस/सिन्ह्वा*

# जोर्डनमा अमेरिकी सैनिकको मृत्युपछि अमेरिका-इरान द्वन्द्व थप चर्कियो



**दुबई–** जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा भएको आक्रमणमा अमेरिकी सैनिकको मृत्यु भएपछि त्यसको प्रत्युत्तरस्वरूप अमेरिकाले आइतबार इरानको अर्धसैनिक बल 'रिभोलुसनरी गार्ड'का सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ । होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्वकाबीच यस घटनाले अमेरिका-इरान तनावलाई थप चर्काएको हो ।

मध्यपूर्वमा अमेरिकाका साझेदार राष्ट्रलाई लक्षित गर्दै इरानले जारी राखेको आक्रमण अभियानका क्रममा अमेरिकाले प्रतिकारात्मक कारबाही गरेको हो । युद्ध अन्त्यका लागि भएको अन्तरिम समझदारी विफल भएपछि दुवै पक्षबीचको सैन्य भिडन्त पुनः तीव्र बनेको छ ।

अमेरिकाले इरानभित्रका पुल, विद्युत् पूर्वाधार र अन्य रणनीतिक संरचनामा आक्रमण गरिरहेको छ भने इरानले कुवेतका विद्युत् तथा समुद्री पानी प्रशोधन केन्द्रहरूलाई लक्षित गरी जवाफी आक्रमण गरेको जनाएको छ । इरानले आक्रमणको दायरा थप विस्तार गर्ने चेतावनी दिएपछि संयुक्त अरब इमिरेट्सले सुरक्षा सतर्कता बढाएको छ ।

अमेरिकी सेनाको 'सेन्ट्रल कमाण्ड'का अनुसार आक्रमणमा इरानको तटीय निगरानी तथा हवाई प्रतिरक्षा प्रणाली, समुद्री सैन्य क्षमता तथा क्षेप्यास्त्र र ड्रोन भण्डारणस्थललाई निशाना बनाइएको थियो । विज्ञप्तिअनुसार यस अभियानमा पहिलो पटक 'रिभोलुसनरी गार्ड'का संरचनालाई प्रत्यक्ष रूपमा लक्षित गरिएको हो ।

अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा लडाकु विमान तथा समुद्रबाट प्रहार गरिएका 'टोमाहक क्रुज मिसाइल' प्रयोग गरिएको देखिएको छ । एउटा लक्ष्य पहाडी क्षेत्रमा रहेको सैन्य आधार भएको जनाइएको छ । रिभोलुसनरी गार्डले आफ्ना क्षेप्यास्त्र तथा अन्य सैन्य सामग्री प्रायः पहाडी सुरुङ र आधारमा राख्ने गरेको बताइन्छ ।

इरानले अमेरिकी आक्रमणबाट भएको क्षतिको विस्तृत विवरण सार्वजनिक गरेको छैन । होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्व आठौं दिनमा प्रवेश गरेको छ । विश्वव्यापी तेल तथा प्राकृतिक ग्यासको करिब पाँचौं भाग यही जलमार्ग हुँदै ओसारपसार हुने भएकाले यस क्षेत्रको सुरक्षा विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिन्छ ।

अमेरिकी सेनाकाअनुसार जोर्डनस्थित सैन्य अड्डामा इरानको आक्रमणमा दुई अमेरिकी सैनिकको मृत्यु भएको, एक जना बेपत्ता भएका तथा चार जना घाइते भएका छन् । युद्ध सुरु भएयता १६ अमेरिकी सैनिकको मृत्यु भएको र ४३० भन्दा बढी घाइते भएको अमेरिकी पक्षले जनाएको छ । इरानी अधिकारीका अनुसार अमेरिकाको पछिल्लो आक्रमणमा कम्तीमा ५० जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी घाइते भएका छन् । *रासस/एपी*

# किभमा रातभर रूसी हमला, आवासीय तथा औद्योगिक क्षेत्रमा क्षति

**किभ–** रुसी सेनाले किभमा रातारात गरेको ब्यालिस्टिक क्षेप्यास्त्रसहितको आक्रमणमा परी एक जनाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् ।



स्थानीय अधिकारीका अनुसार स्थानीय समय बिहान करिब १:३० बजे सुरु भएको आक्रमण केही घण्टासम्म जारी रहँदा राजधानीभरि विष्फोटका आवाज सुनिएका थिए । युक्रेनको राज्य आपत्कालीन सेवाका अनुसार रुसी आक्रमणबाट किभका पाँचवटा जिल्लामा आगलागी भएको थियो । आक्रमणमा आवासीय भवन, कार्यालय, औद्योगिक क्षेत्र, छात्रावास तथा सवारीसाधनमा क्षति पुगेको छ ।

उद्धारकर्मीले स्भियातोसिन्स्की जिल्लामा आगलागी भएको एक निजी घरबाट चार जनाको उद्धार गरेका थिए भने शेभचेन्किभ्स्की जिल्लामा आगलागी भएको तीनतले भवनबाट बासिन्दालाई सुरक्षित स्थानमा पुऱ्याएका थिए । गैरआवासीय भवनमा लागेको आगो नियन्त्रणमा लिने क्रममा त्यहाँ एक जनाको शव फेला परेको थियो । दमकलकर्मीले सोलोम्यान्स्की, देस्नियान्स्की र निप्रो जिल्लामा लागेको आगो पनि नियन्त्रणमा लिएका थिए ।

यसैबीच, रुसी ब्यालिस्टिक क्षेप्यास्त्र रोक्न प्रभावकारी मानिएको अमेरिकी निर्मित 'प्याट्रियट' हवाई प्रतिरक्षा प्रणालीको अभाव युक्रेनले सामना गरिरहेका बेला रुसले पछिल्ला सातामा किभमाथि ठूला आक्रमण तीव्र पारेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई प्याट्रियट इन्टरसेप्टर क्षेप्यास्त्र उत्पादनका लागि अनुमति दिन तयार रहेको बताएका छन् । यसले रुसी क्षेप्यास्त्र आक्रमणविरुद्ध युक्रेनको प्रतिरक्षा क्षमता बढाउन सक्ने अपेक्षा गरिएको छ । यद्यपि, यससम्बन्धी कार्यान्वयन प्रक्रिया र समयसीमा भने स्पष्ट भइसकेको छैन । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४२४० |



आँप किन्दै | ललितपुर महानगरपालिका–१२ पाटन दरबार परिसरमा आँप खरिद गर्दै उपभोक्ता। पछिल्लो समय आँपको मूल्य बढ्दो क्रममा रहेको छ। आजभोली आँपको मूल्य प्रतिकिलो रु १८० पुगेको व्यापारीहरू बताउँछन्। तस्बिर: शशीधर अधिकारी/रासस

## झापाका किसानलाई रासायनिक मलको अभाव

■ प्रभाव संवाददाता

**भद्रपुर** – धान रोपाइँको मुख्य सिजन चलिरहेका बेला झापामा रासायनिक मलको अभाव भएको छ। आवश्यक परिमाणको एक चौथाइभन्दा कम मात्र मल उपलब्ध हुँदा यस वर्ष धान उत्पादनमा प्रत्यक्ष असर पर्ने सम्भावना बढेको भन्दै किसानले चिन्ता व्यक्त गरेका छन्।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार जिल्लामा धानबालीका लागि १३ देखि १४ हजार मेट्रिकटन युरिया आवश्यक पर्छ। हालसम्म करिब दुई हजार ४०० मेट्रिकटन मात्र आपूर्ति भएको छ।

त्यसैगरी करिब आठ हजार मेट्रिकटन डिएपी आवश्यक रहेकामा हालसम्म दुई हजार ५०० मेट्रिकटन मात्रै उपलब्ध भएको छ। 'धानबालीको मुख्य समयमा आवश्यकमात्रामा रासायनिक मल उपलब्ध हुन नसक्दा किसानले समयमा मल हाल्न पाएका छैनन्। यसले बोटको वृद्धि र उत्पादन दुवैमा असर पार्ने जोखिम बढाएको छ', प्रमुख विष्टले बताए।

उनका अनुसार, मल अभावकै कारण धेरै किसानले अर्ग्यानिक (जैविक) मल प्रयोग गरेर रोपाइँलाई निरन्तरता दिएका छन्। पछिल्ला वर्षहरूमा अर्ग्यानिक मलप्रति किसानको आकर्षण बढ्दै गए पनि यसको प्रभाव देखिन केही समय लाग्ने भएकाले तत्काल उत्पादनका लागि किसानहरू अझै पनि रासायनिक मलमै बढी निर्भर छन्। झापाको गौरादह-५ का किसान राजेन्द्र अधिकारीले भने, 'रोपाइँ त सकियो, तर मल नपाएपछि खेतको हरियाली कसरी जोगाउने भन्ने चिन्ता छ। समयमै मल नपाए उत्पादन घट्ने डर सबै किसानमा छ।'

किसान मिना राजवंशीले पनि सरकारले समयमै मलको व्यवस्था गर्नुपर्नेमा जोड दिए। उनले भने, 'बीउ, श्रम र सिँचाइमा ठूलो लगानी गरिसकेका छौं। अहिले मल नपाउँदा सबै मेहनत खेर जाने हो कि भन्ने चिन्ता लागेको छ।'

हालसम्म जिल्लामा ६१ दशमलव आठ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको छ। किसानले तत्काल पर्याप्त परिमाणमा रासायनिक मल आपूर्ति गर्न, वितरण प्रणालीलाई सहज बनाउन तथा वैकल्पिक मलको प्रयोगलाई थप प्रभावकारी बनाउन सरकारसँग माग गरेका छन्।

इन्जिनियर्स एशोसिएसन वार्षिकोत्सव

## 'विकास निर्माणमा मानव र प्रकृतिलाई केन्द्रमा राख्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं**– राष्ट्रपति रामचन्द्र पौडेलले विकास निर्माणको केन्द्रमा मानव र प्रकृतिलाई राखिनुपर्ने बताएका छन्।

इन्जिनियर्स एशोसिएसनको ६४औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले विकासको अवधारणा जनताको कल्याण र मुलुकको समृद्धिसँग जोडिनुपर्ने बताए। उनले भने, 'विकास निर्माणका क्रममा इतिहास, भूगोल, संस्कृति, जातीय बनोटलगायत विविधतालाई पनि बिर्सन हुँदैन। वर्तमान समयको माग एवं नयाँ पुस्ताको चाहना र आकांक्षालाई सम्बोधन गर्नेगरी उत्पादन, रोजगारी तथा आर्थिक क्रियाकलापलाई तीव्र रूपमा अघि बढाउनु आवश्यक छ।'

राष्ट्रपति पौडेलले भौगोलिक रूपमा जटिल तर प्राकृतिक स्रोतसाधनले धनी हाम्रो देशलाई आज दिगो र पर्यावरणमैत्री पूर्वाधारको खाँचो रहेको भन्दै मुलुकको सामु जलवायु परिवर्तन ठूलो चुनौतीका रूपमा रहेको उल्लेख गरे। उनले भने, 'यस्तो अवस्थामा हाम्रा सडक, पुल र जलविद्युत् आयोजना प्राकृतिक प्रकोप प्रतिरोधी हुनुपर्दछ। हाम्रो विकास 'हरित विकास'को सिद्धान्तमा आधारित हुनुपर्दछ।'




राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रले नै हाम्रो विकास र मानवीय हितका अनेकन आयामलाई सम्बोधन गर्दछ भन्ने कुरालाई बिर्सन नहुने भन्दै लोकतन्त्रको यो सौन्दर्यलाई केवल आदर्श मात्र होइन हामीले व्यवहार र आचरणमा अवलम्बन गर्न सक्यौं भने मात्र लोकतान्त्रिक गणतन्त्रले परिलक्षित गरेको उद्देश्य पूरा हुने बताए।

राष्ट्रपति पौडेलले कुनै पनि देशको भविष्य त्यस देशका युवाको सोच, ऊर्जा र क्षमतामा निर्भर गर्ने भन्दै युवा मस्तिष्कको नवीन सोच तथा इन्जिनियरको प्राविधिक कौशलसँगै जोडिएमात्र आर्थिक समृद्धि र समृद्ध नेपालको सपना साकार हुने स्पष्ट पारे।

उनले भने, 'समयले आज त्यो दायित्व तपाईहरूलाई सुम्पेको छ। हाम्रा दक्ष युवा इन्जिनियर रोजगारी र अवसरको खोजीमा बिदेसिनेक्रम बढ्दो छ। यो देशका लागि चिन्ताको विषय हो। म सरकार र निजी क्षेत्रलाई युवा इन्जिनियर/आर्किटेक्टका लागि स्वदेशमै पर्याप्त अवसर, उचित मूल्याङ्कन र मैत्रीपूर्ण वातावरण सिर्जना गर्न आग्रह गर्दछु।'

## चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन बढ्यो

**चितवन** (**प्रस**)– अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटक आगमन बढेको पाइएको छ।

गत आर्थिक वर्षमा दुई लाख ७२ हजार ९२३ पर्यटक उक्त क्षेत्रमा आएकामा अघिल्लो आवमा दुई लाख ३१ हजार ३२९ पर्यटकले भ्रमण गरेका निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले बताए।




सार्क मुलुकका २२ हजार ८८३ तथा अन्य मुलुकका ८८ हजार ६६५ पर्यटकले निकुञ्जको भ्रमण गरेका हुन्।

एकसिङ्गे गैंडा, पाटेबाघ, भालु, हात्ती तथा विभिन्न प्रजातिका चराचुरुङ्गी अवलोकनका लागि पर्यटक निकुञ्ज पुग्ने गरेका छन्।

गत आर्थिक वर्षमा निकुञ्जले पर्यापर्यटनबाट रु २७ करोड ६३ लाख ३९ हजार ९५० राजस्व सङ्कलन गरेको जनाएको छ। काठदाउरा, गैरकाष्ठ वन पैदावार बिक्री, जरिवानालगायत शीर्षकमा रु ३१ करोड एक लाख ६४ हजार ५५१ राजस्व सङ्कलन भएको छ।

## जिडिपी बढाउन मधेस प्रदेशको विशेष योजना

■ राजु विश्वकर्मा

**जनकपुरधाम**– कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरूप कार्यारम्भ गरेको छ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो। मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताए।

'प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौं,' उनले भने, 'गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौं।'

उनका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ।

कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले बताए।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताए। उनले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औंल्याए। राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताए।

'प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो,' उनले भने, 'उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेसको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ।'

नेपाल राष्ट्र बैंकले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु आठ खर्ब चार अर्ब रहने अनुमान छ। सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

प्रतिवेदनअनुसार मधेस प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ।

नेपाल राष्ट्र बैंकले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्यांकका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो। प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ। सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ। *रासस*

## सुदूरपश्चिममा ९३ प्रतिशतभन्दा बढी रोपाइँ

**सुदूरपश्चिम** (**प्रस**)– सुदूरपश्चिम प्रदेशमा यस वर्षको हालसमम ९३ दशमलव ४७ प्रतिशत रोपाइँ भएको छ। कृषि विकास निर्देशनालय, दिपायलका अनुसार प्रदेशभर धान रोप्न योग्य एक लाख ५४ हजार ९५० हेक्टर क्षेत्रफलमध्ये शुक्रबारसम्म एक लाख ४४ हजार ८२९ हेक्टरमा रोपाइँ भएको हो।

प्रदेशमा सबैभन्दा बढी धान उत्पादन हुने कैलाली र कञ्चनपुर जिल्लामा करिब ९६/९६ प्रतिशत रोपाइँ भएको छ। कैलालीमा ६६ हजार ८२० हेक्टरमध्ये ६४ हजार १४७ र कञ्चनपुरमा ४८ हजार ४९६ मध्ये ४६ हजार ५५६ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको निर्देशनालयका कृषि प्रसार अधिकृत केशवराज पाण्डेले जानकारी दिए। उनका अनुसार पहाडी जिल्लामध्ये डडेल्धुरामा सबैभन्दा बढी ९५ दशमलव शून्य तीन प्रतिशत रोपाइँ भएको छ।

दार्चुलामा ९१ दशमलव ७२, अछाममा ९०, बझाङमा ९१, बैतडीमा ९० दशमलव एक र बाजुरामा ९१ दशमलव ९८ प्रतिशत रोपाइँ भएको निर्देशनालयका सूचना अधिकारी ज्ञानराज कँडेलले जानकारी दिए। प्रदेशका नौ जिल्लामध्ये डोटीमा सबैभन्दा कम ६० दशमलव एक प्रतिशत मात्रै रोपाइँ भएको छ। जिल्लामा धान रोप्न योग्य छ हजार ४२६ हेक्टर क्षेत्रफलमध्ये हालसम्म तीन हजार ८५६ हेक्टरमा मात्र रोपाइँ सम्पन्न भएको उनले जनाए।

कृषि प्रसार अधिकृत पाण्डेले शनिबार र आजको विवरण अद्यावधिक गर्न बाँकी रहेको जनाउँदै मनसुन सक्रिय रहेकाले बाँकी क्षेत्रमा धमाधम रोपाइँ भइरहेको बताए। सोमबारसम्म प्रदेशभर करिब ९७ प्रतिशत रोपाइँ सकिने अनुमान गरिएको उनको भनाइ छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ